## पूर्ण इजलास

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री गिरीश चन्द्र लाल,** फौ.पु.नं. ०६६-CR-०००४, *कर्तव्य ज्यान, नेपाल सरकार वि. यज्ञबहादुर थापा समेत*

फौजदारी कसूरको अनुसन्धान गरी अभियोग पुष्टि गर्ने क्रममा जाहेरी दरखास्तको महत्वपूर्ण प्रमाणिक महत्व रहन्छ । जाहेरी दरखास्तमा लेखिएका कुराहरूलाई आधार बनाई अनुसन्धानकर्ताले अपराधको सम्बन्धमा महत्वपूर्ण सूचना संकलन गरी सम्भाव्य अपराधीको पहिचान गर्न र अपराध पुष्टि गर्न सक्तछ । सोही क्रममा त्यस्तो जाहेरीलाई अभियोग प्रमाणित गर्ने महत्वपूर्ण प्रमाण मानिएको हो । तर, जाहेरी दरखास्तलाई अदालतले अन्य संकलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन (Corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैंमा स्वतन्त्र प्रमाण हुन नसक्ने ।

लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट कसैको मृत्यु कर्तव्यबाटै भएको भए तापनि त्यस्तो प्रमाणहरूले कुनै अमुक व्यक्ति नै कसूरदार हो भन्ने कुरा निर्धारण गर्न सक्तैनन् । अनुसन्धानको क्रममा संकलन भएका अन्य प्रमाणहरूले सिलसिलेवार रूपमा आरोपित व्यक्तिउपरको कसूरलाई स्थापित गरेको अवस्थामा मात्रै शव परीक्षण प्रतिवेदन तथा लास जाँच मुचुल्काले त्यस्तो आरोपित व्यक्तिउपर कसूर कायम गर्ने प्रमाणको स्थान ग्रहण गर्ने ।

अनुसन्धानको क्रममा संकलन भएका प्रमाणहरूबाट प्रतिवादीहरूको साविती बयान पुष्टि भएको भन्ने भए तापनि अनुसन्धानको क्रममा संकलित त्यस्ता सबै प्रमाणहरू अदालतबाट परीक्षण गर्दा सारभूत रूपमा खण्डित भैरहेका छन् । न्याय निरोपण गर्ने निकायबाट परीक्षण गरिएका प्रमाणहरूबाट वारदातमा प्रतिवादीहरूको संलग्नता पुष्टि नभएको स्थितिमा आफूले परीक्षण नगरेको प्रमाणको आधारमा मात्रै कसैलाई दोषी करार गर्नु हाम्रो फौजदारी न्याय व्यवस्थाको प्रतिकूल हुन जाने ।

कुनै पनि फौजदारी कसूरलाई शंकारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व अभियोजन पक्षको हुने, अदालतले प्राप्त प्रमाणहरूको परीक्षण एवं मूल्याङ्कन गरी ती प्रमाणहरूले ठहरेबमोजिम मात्र न्याय निरोपण गर्नुपर्ने भन्ने नै हुन्छ । तर, अदालत स्वयंले कुनै प्रमाणको सिर्जना गरी कुनै कसूर स्थापित गर्ने वा कसैउपरको अभियोग पुष्टि गर्ने भन्ने हुँदैन । साथै संकलन भएका प्रमाणहरूबाट कसैउपरको अभियोग पुष्टि हुने अवस्था छैन अथवा त्यस्तो अभियोग शंकारहित देखिँदैन भने अदालतले वादी वा अभियोजन पक्षको हैसियत ग्रहण गरी बिना आधार कसैलाई दोषी करार गर्न पनि सक्तैन । त्यस्तो गर्नु हाम्रो फौजदारी विधिशास्त्र, हामीले अपनाई आएको कानून प्रणाली एवं स्थापित न्यायिक पद्धतिकै बर्खिलाप हुन जाने ।

अनुसन्धानको क्रममा भएका प्रतिवादीहरूको साविती बयान अन्य प्रमाणहरूबाट स्वतन्त्ररूपमा समर्थित नभएसम्म अदालतले त्यस्तो साविती बयान मात्रैलाई आधार मानी कसूर कायम गर्नु न्यायसंगत हुन नसक्ने र त्यस्तो सावितीमा प्रतिवादीहरूले एकअर्कालाई पोल गरेको कुरा पनि प्रमाण ग्राह्य हुने देखिएन । तसर्थ, मिसिल संलग्न अन्य प्रमाणहरूले प्रतिवादीहरूको परस्पर पोलापोल गरिएका बयान पुष्टि हुन र त्यसको प्रामाणिकता स्थापित हुन नसकेको यस स्थितिमा सो पोल मात्रै निजहरूउपरको आरोप पुष्टि हुने निरपेक्ष प्रमाण हुन नसक्ने हुँदा सबै प्रतिवादीहरूले अभियोग दावीबाट सफाइ पाउने ।

**मा.न्या.श्री अवधेशकुमार यादवको छुट्टै रायः**

को कसले के कस्तो गरी मृतकलाई मारेका हुन् भनी अक्षरसः रूपमा हु-बहु उल्लेख गर्नुपर्ने वा मौकामा गरेको कागज र बकपत्रको व्यहोरामा कत्ति पनि फरक पर्न नै नहुने भन्ने अर्थ गर्नु न्यायसंगत हुँदैन । त्यसो गर्ने हो भने कुनै पनि अपराधमा अदालतले कसैउपरको अभियोग पुष्टि हुने आधार सहजै पत्ता लगाउन समेत सक्तैन । अनुसन्धान एवं प्रमाण मूल्याङ्कनको क्रममा देखिएका सामान्य विरोधाभाष वा छिद्रहरूको कुराले फौजदारी कसूरमा संकलित समग्र प्रमाणको महत्वलाई नै समाप्त गर्छ भन्ने अर्थ गर्ने हो भने फौजदारी मुद्दामा हामीकहाँ विद्यमान रहेको अनुसन्धान पद्धतिबाट कुनै पनि अपराधमा अपराधीले सहजै उन्मुक्ति हुने अवसर प्राप्त गर्दछ, जो न्यायको रोहमा उपयुक्त तर्क हुन नसक्ने ।

अदालतमा गरेको बयानमा कसूरमा इन्कार हुनुले मात्रै प्रतिवादीहरूको निर्दोषिता प्रमाणित हुन सक्दैन। अधिकारप्राप्त अधिकारीसमक्षको बयान झुट्टा हो भन्नु मात्रै निर्दोषिताको आधार बन्ने हो भने कुनै पनि प्रतिवादी वा अभियुक्तले अदालतसमक्ष अपराधमा साविती बयान दिने तब मात्र कसूर कायम गर्ने भन्ने कुरा कल्पनातीत बन्न जान्छ। प्रतिवादी वा अभियुक्तको इन्कारी बयान पनि समग्र मुद्दाको संकलित प्रमाणद्वारा समर्थित हुनुपर्ने।

मुद्दामा संकलित प्रमाणहरू एवं वारदातको प्रकृति, वारदात गराएको अवस्था एवं मृतक र प्रतिवादीबीच पहिलेदेखिको शत्रुतापूर्ण सम्बन्ध एवं रिसइवीलगायतका प्रमाण, वस्तुतथ्य एवं परिस्थितिहरूले प्रतिवादीहरू गोविन्दनिधि तिवारी, डिलबहादुर कमली, टेकबहादुर कमली, शेरबहादुर कमली, मोहनबाबु तिवारी, यज्ञबहादुर थापा समेतको संलग्नताबाटै मृतक मदनराज विष्टको हत्या भएको तथ्य स्थापित भइरहेको देखिँदा प्रतिवादी गोविन्दनिधि तिवारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र अन्य प्रतिवादीहरूलाई सोही महलको १७ (३) नं. बमोजिम जनही १ वर्ष कैद हुने।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल मंसिर १ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. ०६५-CR-०१९३, भ्रष्टाचार, *नेपाल सरकार वि. नेपाल टेलिकम नयाँ निर्देशनालय, पुल्चोक ललितपुरका प्रवन्धक प्रमोदकुमार गुरुङ*

प्रतिवादीले पेश गरेको विवादित शैक्षिक प्रमाणपत्रहरू यस विश्वविद्यालयले जारी गरेको होइन भनी सम्बन्धित विश्वविद्यालयबाट एकपटक लेखी आएको र सो व्यहोरा उक्त विश्वविद्यालयबाट पुनः पुष्टि गरी पठाएको अवस्थामा उक्त प्रमाणपत्रहरू सद्दे साँचो व्यहोराका रहेछन् भन्न मिल्ने देखिएन। अतः प्रतिवादीले शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्र पेश गरी आरोपित कसूर गरेको ठहर भई प्रतिवादीलाई अभियोग माग दावीबमोजिम तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा २९(२) बमोजिम दुई हजार जरीवाना हुने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. ०६७-CR-०५१२, नक्कली प्रमाणपत्र, *नेपाल सरकार वि. शिवनारायण चौरसिया*

विवादित शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्रहरूको सम्बन्धमा २०४१ सालमा नै अभियोजन पक्षलाई जानकारी भई छानबीन समेत प्रारम्भ भएको देखिन्छ। तत्काल भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क मा भएको कानूनी व्यवस्थाअनुसार अनुसन्धानको कारवाही शुरू भएको मितिले २ वर्षभित्र मुद्दा दायर भएको हुनुपर्नेमा प्रस्तुत मुद्दामा २०४१ सालमै विशेष प्रहरी विभागले अनुसन्धान प्रारम्भ गरेकोमा मिति २०६४।३।११ मा मात्र आरोपपत्र दायर भएको देखिन आएकोले हदम्याद नाघी दायर भएको आरोपपत्रबाट मुद्दाको तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने हुँदा आरोपपत्र खारेज हुने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०१०२, उत्प्रेषणयुक्त परमादेश, *मनोहर लामा समेत वि. हेमलाल सार्की समेत*

निवेदकको एकाघरको बाबु मदन लामाको आमा सुशीला लामाले सगोलका अवस्थामा रहँदा गरेको तमसुकको कागजमा सहीछाप रहे भएको जिकीर रहेको छैन। लिलाम गरिएको सम्पत्ति नै बाबु मदन लामाको नाउँमा दर्ता रहेको देखिँदा घरको मुख्य व्यक्ति बुबा देखिएकोले लेनदेन मुद्दाको ऋणी सुशीला लामा देखिन आउँदैन। घरको मुख्य व्यक्तिको मञ्जूरी नलिई गरेको

व्यवहारमा र अन्य अंशियार साक्षी समेत नभएको अवस्थामा सगोलको सम्पत्तिबाट भरिभराउ गर्न नमिल्ने भनी *नेकाप* २०५१, अङ्क ५ नि.नं. ४९१५, *नेकाप* २०५४, अङ्क १२, नि.नं. ६४८१, *नेकाप* २०५७, अङ्क ५, नि.नं. ६९०४, *नेकाप* २०६७, अङ्क १, नि.नं. ८२९० मा सिद्धान्त प्रतिपादन भै अदालतबाट अभ्यास र अनुशरण भैरहेको परिप्रेक्ष्यमा यी निवेदकको अंश हक समेत लिलामी गर्ने कार्य उल्लिखित कानूनी व्यवस्था र नजीर समेतका अनुरूप देखिन नआउने ।

निवेदकहरूको आमा सुशीला लामाले २०५६ सालमा ऋण लिँदाका बखतमा समेत १२ वर्ष भन्दा मुनिका नाबालक रहेको तथ्यमा विवाद छैन । ऐनले दुनियाको बिगोबापतमा जायजात गर्दा १२ वर्ष मुनिका व्यक्तिका हकमा ऋण वा अन्य दायित्व व्यहोर्नु नपर्ने गरी उन्मुक्ति प्रदान गरी कानूनी रूपमा संरक्षण प्रदान गरेबाट सोभन्दा बाहिर गै अदालतले व्याख्या गर्न नमिल्ने ।

रिट निवेदकहरू मनोहर लामा र विजय लामाको कास्की जिल्ला अदालतको फैसलाबमोजिम अंश छुट्टयाइएको कि.नं. २२०२ जग्गाबाट लेनदेन मुद्दाका वादी विपक्षी हेमलाल सार्कीको बिगोको दरखास्तबमोजिम निजहरूको अंशको भाग समेत लिलाम गर्ने गरी कास्की जिल्ला अदालतका तहसीलदारबाट मिति २०६५।१।९ मा भएको लिलामी मुचुल्का सदर गर्ने कास्की जिल्ला अदालत र पुनरावेदन अदालत, पोखराबाट क्रमशः २०६५।३।२० र २०६५।४।२३ मा भएको आदेशहरू मुलुकी ऐन, दण्ड सजायको महलको २६ नं. लेनदेन व्यवहारको ८ र ९ नं. का कानूनी व्यवस्थाका साथै सर्वोच्च अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्तहरू समेत प्रतिकूल देखिई कायम रहन नसक्ने देखिँदा निवेदकहरूको अंश हकसम्मको उक्त लिलामी मुचुल्का उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०१९३, उत्प्रेषण परमादेश समेत, *माधवप्रसाद चौलागाई वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

परीक्षणकालको एक वर्षमा एक महिनासम्म पनि कार्यालयमा उपस्थित भई काम नगरेको कर्मचारी तोकिएको काम गर्न उपयुक्त र सक्षम रहेको भनी अख्तियारप्राप्त व्यक्तिलाई परीक्षण गर्न समेत आधार नभएको मिसिल संलग्न तथ्यहरूले स्थापित गरिरहेको देखिन्छ । यसरी समन्यायको दृष्टिबाट हेर्दा पनि निवेदकलाई अन्याय नै पर्न गएको रहेछ भन्न सकिने आधारहरू मिसिल प्रमाणबाट देखिन आएन । अतयवः निजलाई परीक्षणकालको अवधिमा बिना सूचना कार्यालयमा अनुपस्थित रहेको कारण काम सन्तोषजनक नभएको भनी अख्तियारप्राप्त व्यक्तिले आफूलाई कानूनले प्रदान गरेको अधिकार प्रयोग गरी गरिएको नियुक्ति बदरको निर्णय स्वेच्छाचारी रूपमा गरिएको र कानूनको प्रक्रिया पूरा नगरी अन्यायपूर्ण तवरबाट गरिएको भन्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल माघ २ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०९२९, उत्प्रेषणयुक्त परमादेश, *युनाइटेड टेलिकम लि. को तर्फबाट अधिकारप्राप्त कम्पनी सचिव एस. कानन वि. ठूला करदाता कार्यालय समेत*

आन्तरिक राजश्व विभागले गरेको अन्तिम निर्णयउपर आयकर ऐन, २०५८ को दफा ११६ अनुसार राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्ने कानूनी उपचारको मार्ग छँदाछँदै सो मार्ग अवलम्बन नगरी विभागको निर्णयउपर राजश्व न्यायाधिकरणमा अ.बं. १७ नं. बमोजिमको निवेदन दिएको र राजश्व न्यायाधिकरणको आदेशउपर यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट क्षेत्रमा प्रवेश गरेको देखिएकोले निवेदकले कानूनद्वारा व्यवस्थित कानूनी उपचारको मार्ग अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा प्रस्तुत निवेदनको तथ्य (Merit) भित्र प्रवेश गरिरहनु पर्ने देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ २ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४-WO-०९२७, उत्प्रेषणयुक्त परमादेश, *युनाइटेड टेलिकम लि. को तर्फबाट अधिकारप्राप्त कम्पनी सचिव एस. कानन वि. ठूला करदाता कार्यालय, हरिहरभवन समेत*
- २०६४-WO-०९२८, उत्प्रेषणयुक्त परमादेश, *युनाइटेड टेलिकम लि. को तर्फबाट अधिकारप्राप्त कम्पनी सचिव एस. कानन वि. ठूला करदाता कार्यालय, हरिहरभवन समेत*
- २०६४-WO-०९३०, उत्प्रेषणयुक्त परमादेश, *युनाइटेड टेलिकम लि. को तर्फबाट अधिकारप्राप्त कम्पनी सचिव एस. कानन वि. ठूला करदाता कार्यालय, हरिहरभवन समेत*

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CI-०३६२, अंश, *टेकबहादुर थाम्सुहाङ्ग वि. ऐतरानी थाम्सुहाङ्ग*

कि.नं. ५७, ६६ र ६८ का तीन कित्ता जग्गाहरू प्रतिवादी ऐतरानीका नाममा र कि.नं. १२६ समेतका ६ कित्ता जग्गाहरू प्रतिवादी ऐतराज र ऐतरानीका संयुक्त नाममा रहेको देखिन्छ । उक्त जग्गाहरूमध्ये कि.नं. ५७ को जग्गा मिति २०४१।१२।२३ मा बाबु फिपराजबाट प्रतिवादी ऐतरानीले बकसपत्रबाट पाएको देखिन्छ भने कि.नं. ६६ र ६८ का जग्गाहरू र कि.नं. १२६ समेतका संयुक्त नाममा रहेको जग्गाहरू मातापिताको शेषपछि अपुतालीबाट ऐतरानीले आफ्नो नाममा मालपोत कार्यालयको मिति २०६१।३।१८ को निर्णयले नामसारी गरी लिएको देखिन्छ । सो नामसारीको निवेदनमा वादीका एकाउदरका दाजु प्रतिवादी ऐतराज समेतले संयुक्त रूपमा सहीछाप गरेको पाइन्छ । उक्त बकसपत्र र नामसारीको निर्णय बदरको लागि वादी समेत कसैको पनि फिराद उजूर परेको भन्ने मिसिलबाट देखिन आएन । उल्लिखित बकसपत्र र नामसारीको निर्णय बदर नभई अंशियार नै नभएकी विवाह भई गएकी भतिजी नाताकी यी प्रतिवादीलाई अंशियार कायम गरी निजका नामको सम्पत्तिबाट वादीलाई अंश दिलाउन कानूनतः नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६८ साल माघ ४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CI-०८५५, अंश नामसारी, *प्रल्हाद चमार वि. सोमन चमार समेत*

प्रतिवादी सोमन चमारको नाममा रहेको कि.नं. ७० को ०-११-० र कि.नं. २१३ को ०-४-५ जग्गा जग्गाधनी पुरूषोत्तममणि त्रिपाठीको जग्गा मोहियानीमा जोती कमाई आएकोमा मोहीको हैसियतले प्राप्त गरेको र कि.नं. १२५ को ०-०-१५, कि.नं. १३५ को ०-०-१६ र कि.नं. ३४८ को ०-१-१८ जग्गा जग्गाधनी पुरूषोत्तममणि त्रिपाठीको जग्गा उखडामा जोती कमाई प्रतिवादीको नाममा दाखिल खारेज दर्ता भई आएको भन्ने प्रतिवादीले तायदातीमा उल्लेख गरेको देखिँदा वादी प्रतिवादी सगोलमै रहँदा उखडा जग्गा समेत मोहीको हैसियतले कमाई प्राप्त गरेको जग्गा मान्नुपर्ने भएकोले उक्त जग्गाहरू प्रतिवादीको आफ्नो मात्र विशेष ज्ञान, सीप परिश्रमले आर्जन गरेको निजी स्वआर्जन भन्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ ४ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६६-CI-०८५६, लेनदेन, *प्रल्हाद चमार वि. सोमन चमार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ फौ.पु.नं. ३६३४, कीर्ते जालसाज, *रामचन्द्र गौतम वि. शिवराज गौतम समेत*

नजीर न्यायाधीश निर्मित कानून हो । कानूनसरह नै यसको व्याख्यालाई अनुशरण गरिन्छ । कानूनमा अन्यथा व्यवस्था भएमा बाहेक यो जहिले पनि पश्चात्‌लक्षी हुन्छ, भूतलक्षी हुँदैन । मिति २०२४।१०।२५ को मानबहादुर लिम्बू समेत विरूद्ध गजलाल लिम्बूको नजीरको अनुशरण गर्दै कयौं विवाद निरोपित भएर बसिसकेका छन् । सो नजीरलाई नै निरन्तरता दिँदै अन्य नजीर पनि प्रतिपादन भएका छन् । नजीरहरूको यो सृङ्खलालाई मिति २०५४।१०।१७ मा लोकभक्त शम्शेर

ज.ब.रा विरूद्ध रमादेवी राजभण्डारीको मुद्दामा तोडियो । नजीरको सिद्धान्तमा वृहद् इजलासको व्याख्याले तथा समानस्तरको इजलासको व्याख्या भए पछिल्लो व्याख्याले मान्यता पाउँछ । तर, व्याख्या सो भएको मितिपछि मात्र क्रियाशील हुन्छ । मिति २०४६।१०।१२ मै सो बेला कायम ऐन तथा सोको व्याख्यात्मक नजीर समेतको समग्र कानूनमा आधार उल्लेख नै गरी दर्ता भई विचाराधीन हुन पुगेको प्रस्तुत मुद्दालाई मिति २०५४।१०।१७ मा भएको नजीर लगाई खारेज गर्न नमिल्ने ।

विवादित पारीत राजीनामाको दिनेको महलमा लागेको ल्याप्चे छापहरू जिल्ला अदालतको रोहबरमा लिइएको चन्द्रकला गौतमको नमूना ल्याप्चे छापहरू विशेषज्ञसमक्ष जाँच गर्न पठाउँदा आपसमा भिड्दैन भन्ने विशेषज्ञको रायबाट देखिँदा लिखतमा दिने चन्द्रकलाको सट्टामा कीर्ते मानिस खडा गरी पारीत गरे गराएको रहेछ भन्ने सम्बन्धमा द्विविधा नहुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल पुस ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ दे.पु.नं. ९५०४, ९६५०, ९२६९, अंश, *रामचन्द्र गौतम वि. सुमित्रादेवी गौतम समेत, शिवराज गौतम वि.सुमित्रादेवी गौतम समेत, सुमित्रादेवी गौतम समेत वि. यशोदादेवी गौतम समेत*

एकासगोलका परिवारहरूमध्ये एउटा व्यक्तिले अर्को व्यक्तिलाई एकासगोलको सबै अंशियारको हक लाग्ने जग्गा बकस गरिदिँदैमा सो बकसपत्रमा मञ्जूर नहुने सबै अंशियारको हक जान्छ भन्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल पुस ८ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६१ सालको फौ.पु.नं. ३४७९, जालसाज, *सुमित्रादेवी गौतम समेत वि. यशोदादेवी गौतम*
- २०६२ सालको दे.पु.नं. ९५०२, लिखत दर्ता बदर दर्ता कायम, *रामचन्द्र गौतम वि. यशोदादेवी गौतम*
- २०६२ सालको दे.पु.नं. ९५०३, फैसला बदर, *रामचन्द्र गौतम वि. यशोदादेवी गौतम*
- २०६२ सालको दे.पु.नं. ९५०५, लिखत दर्ता बदर दर्ता कायम, *रामचन्द्र गौतम वि. जीवलाल काफ्ले समेत*
- २०६२ सालको दे.पु.नं. ९२७०, फैसला बदर दर्ता बदर दर्ता, बकसपत्र बदर दर्ता कायम, *सुमित्रादेवी गौतम समेत वि. यशोदादेवी गौतम*
- २०६६ सालको दे.पु.नं. ०४७५, जग्गा हक कायम गरी बण्डा गराई पाऊँ, *रामचन्द्र गौतम वि. शिवराज गौतम*

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. CI-९९६, अंशबण्डा, *लोकमान नेवार वि. क्षेत्रबहादुर नेवार*

अंशबण्डाको लिखतको अभावमा सर्भे नापीमा अंशियारहरूका नाउँमा जग्गा नापी दर्ता भएकै आधारमा मात्र वादी प्रतिवादीबीच अंशबण्डा भइसकेको मानी यी वादी पुनरावेदकलाई अंशबाट बञ्चित गर्न कानूनतः नमिल्ने ।

वादी प्रतिवादी एकासगोलको अंशियार देखिएको, निजहरूबीच अंशबण्डाको पारीत बण्डापत्रको लिखत नदेखिएको साथै भोगबिक्री व्यवहार वा प्रमाणबाट छुट्टिएको समेत देखिन नआएकोले वादीले प्रतिवादीबाट अंश पाउने भई वादी प्रतिवादी दुबै अंशियार देखिँदा फिराद परेको दिनलाई मानो छुट्टिएको मिति कायम गरी वादी प्रतिवादीबाट पेश भएको सम्पूर्ण तायदातीबाट यी पुनरावेदक वादीले २ खण्डको १ खण्ड अंश छुट्याई लिन पाउने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल पुस १८ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८-WO-०२२३, उत्प्रेषणयुक्त परमादेश, *चिरञ्जीवी वाग्ले वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

मुलुकी ऐन, दण्ड सजायको महलको ४१क नं. मा उल्लेख भएको "यस महलको अन्य नम्बरहरूमा

जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने वाक्यांशले दण्ड सजायको महलको २३, २३क नं. समेतका अन्य नम्बरमा रहेको कानूनी व्यवस्थालाई उछिन्ने गरी (Supersede) तथा उक्त २३ र २३क को प्रावधानलाई शून्य वा निष्क्रिय पार्ने गरी सजाय कार्यान्वयनको लागि थप प्रभाव दिने कानूनी व्यवस्था गरेको छ । उल्लिखित वाक्यांशले सो २३ र २३क नं. समेतको प्रावधान सुषुप्त वा निष्क्रिय हुन जाने ।

४१क नं. को कानूनी व्यवस्था कैद जरीवाना असूल तहसील गर्न सो सजाय भएको व्यक्तिलाई कैद बस्न र जरीवाना तिर्न प्रोत्साहन गर्ने उद्देश्यले यस्तो व्यक्ति, फैसला भएको ६० दिनभित्र स्वयं अदालतमा उपस्थित भई फैसलाले लागेको कैदमा बस्न वा जरीवाना तिर्न बुझाउन मञ्जूर भएमा २० प्रतिशत सजाय मिन्हा गरी सजाय कार्यान्वित गरिने व्यवस्था हो । यो ४१क नं. को कानूनी प्रावधान तोकिएको शर्तमा कैद जरीवाना लागेको व्यक्तिलाई कानूनले प्रदान गरेको सुविधा Statutory Facility हो ।

फैसलानुसार फैसला भएको ६० दिनभित्र आफूलाई लागेको कैद जरीवाना भोग्न, तिर्न बुझाउन मञ्जूर भै अदालतमा उपस्थित भएमा कैद जरीवानाको सजायमा २० प्रतिशत मिन्हा दिनुपर्ने गरी सम्बन्धित पक्षलाई वाध्यात्मक रूपमा दिइने सुविधासम्बन्धी व्यवस्था उक्त ४१क नं. ले गरेको हुँदा उक्त ऐनले तोकिदिएको समयावधिभित्र कैद जरीवाना लागेको व्यक्ति उपस्थित भै आफूलाई लागेको सजाय मिन्हाको माग दावी गरेमा सजाय कार्यान्वयन गर्ने निकाय वा अधिकारीले अन्यथा हुने गरी आफ्नो स्वविवेक प्रयोग गर्नसक्ने अवस्था आउँदैन तथा कानूनले प्रदान गरेको हक वा सुविधा इन्कार गर्न मिल्ने हुँदैन । कानूनले दिएको उक्त सुविधा सम्बन्धित व्यक्तिका लागि हक अधिकार सरह हुने ।

सार्वजनिक जवाफदेहीको पद समाल्ने पदाधिकारीले कुनै पनि ऐनकानूनद्वारा तोकिएका प्रावधान सही तथा समान रूपले पालना र कार्यान्वित गर्नुपर्ने ।

कानूनको गलत प्रयोगबाट व्यक्तिको कानूनप्रदत्त हकअधिकार वा सुविधा अतिक्रमित हुनु हुँदैन भन्ने सार्वजनिक पदाधिकारीले सदैव ख्याल राख्नुपर्ने ।

अदालतबाट फैसला भएको सबै मुद्दाहरूमा फैसलानुसारको दण्ड जरीवाना असूलीमा यसैअनुसार सक्रियता र तदारूखता देखाइएमा त्यसले सकारात्मक सन्देश दिन्छ । तर त्यो तदारूखता कुनै अमुक मुद्दा वा अमुक व्यक्तिको हकमा मात्र देखाउने र अन्य मुद्दा वा व्यक्तिको हकमा मौन वा निष्क्रिय बस्ने गर्दा त्यसबाट अदालत वा फैसला कार्यान्वयन अधिकारीप्रति नकारात्मक सन्देश जाने मात्र होइन, त्यस्तो कार्य वा व्यवहार दुराशयपूर्ण वा पूर्वाग्रही भएको देखिने ।

कसूरदारको हितमा गरिएको सो कानूनी व्यवस्थाको प्रयोग र पालन गर्दा निजको हितप्रतिकूल हुने गरी फैसला कार्यान्वयन गर्ने अधिकारीबाट काम व्यवहार गर्न मिल्दैन । निवेदकलाई कानूनबमोजिम स्वयं अदालतमा उपस्थित हुन मुनासिब माफिकको समय र मौका नै नदिई २४ घण्टाभित्र नै पक्राउ गरिएको र सोही आधारमा आफैँ उपस्थित हुन नआएको भनी दण्ड सजायको ४१ नं. को कानूनले प्रदान गरेको सुविधा दिन इन्कार गर्न न्यायसंगत मान्न नमिल्ने हुँदा तहसीलदारको कामकारवाहीलाई दुराशयपूर्ण एवं पूर्वाग्रहयुक्त कार्य भन्नुपर्ने हुन आउने ।

क्षेत्राधिकारको अभाव, कार्यविधिगत त्रुटि, प्राकृतिक न्यायको सिद्धान्तको अभाव, कानूनको प्रयोग र परिपालनामा त्रुटि एवं स्वविवेकीय अधिकारको स्वेच्छाचारी प्रयोग तथा कानूनको प्रयोगमा पूर्वाग्रहको विद्यमानता समेतको कुनै अवस्था देखिएमा उत्प्रेषणको रिट जारी हुन सक्दछ । प्रस्तुत मुद्दामा कैद र जरीवाना लागेको यी निवेदकलाई फैसलाबमोजिम कैद र जरीवाना तिर्न स्वयं उपस्थित हुन मुनासिब समय र अवसर नदिई २४ घण्टाभित्र पक्राउ गरी ल्याई कारागार पठाइएको र निज स्वयं उपस्थित हुन नआएको भनी दण्ड सजायको ४१क नं. बमोजिमको सुविधा दिन इन्कार गरेको हुँदा फैसला कार्यान्वयन अधिकारी तहसीलदारको कार्यमा कानूनको प्रयोग र परिपालनामा त्रुटि एवं पूर्वाग्रह भएको देखिन आएकोले मागबमोजिमको रिट जारी हुने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने साथै निवेदकको मिति २०६७।२।१५ को निवेदन मागबमोजिम मुलुकी ऐन दण्ड सजायको ४१क नं. अनुसार यस अदालतको मिति २०६७।२।२ को फैसलाले निजलाई लागेको कैद वा जरीवानामा दण्ड सजायको ४क नं. बमोजिम २० प्रतिशत मिन्हा दिई तहसील शाखाबाट ठेकिएको लगत सच्याई निवेदकको नाउँको कैद पूर्जी संशोधन गर्नु भनी

प्रत्यर्थी काठमाडौं जिल्ला अदालत समेतको नाउँमा परमादेश समेत जारी हुने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल चैत २९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६-CI-०८३९, अंश हक कायम, *कृष्ण प्रजापति वि. रत्नमाया प्रजापति समेत*

सािवकमा मोही यी वादी प्रतिवादीका पिता पति साहिला प्रजापति भए पनि मोही नामसारी हुँदा कानूनबमोजिम जग्गाधनीले पत्याएअनुसार मोहीको पत्नी रत्नमायाको नाममा नामसारी भई मोही र जग्गाधनीबीच जग्गा बाँडफाँड भएकोमा यी वादी सो जग्गामा मोही कायम हुन नसकेको हुँदा कानूनबमोजिम जग्गा बाँडफाँड भएपश्चात् सो जग्गामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६क को प्रतिकूल हुने गरी अंशबापत यी वादीको हक कायम हुन नसक्ने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल असोज २५ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको फौ.पु.नं. CR-०६२०, कर्तव्य ज्यान, *बाबुराम राई वि. नेपाल सरकार*

प्रतिवादी बाबुराम राईले अनुसन्धान अधिकारी तथा अदालतमा समेत कसूरमा सावित रही बयान गरेको, वस्तुस्थिति मुचुल्का र बरामदी मुचुल्काका मानिसहरूको कथन, सहप्रतिवादी विजय तामाङको पोल, जाहेरवाली रेणुका राईले जाहेरीलाई समर्थन हुने गरी अदालतमा गरेका बकपत्र समेतबाट यी प्रतिवादी बाबुराम राई समेतले प्रहार गरेको खुकुरीको चोटका कारण मृतकको मृत्यु भएको भन्ने पुष्टि हुन आएकोले निज प्रतिवादीलाई अभियोग दावीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

खुकुरी जस्तो घातक हतियारले प्रहार गर्दा व्यक्तिको मृत्यु हुन सक्छ भन्ने थाहा जानकारी हुँदाहुँदै विभत्स तरिकाले शरीरको विभिन्न भागमा खुकुरी प्रहार गरी यी प्रतिवादीले मृतकलाई काटी मारेको देखिँदा मृतकलाई मार्ने आफ्नो मनसाय नभएकोले कम सजाय हुनुपर्ने भन्ने जिकीर युक्तिसंगत एवं औचित्यपूर्ण नदेखिने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६८ साल पुस २० गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. CI-०२१४, राजगुठी कायम समेत, *मु.स. गर्ने अमृतमान श्रेष्ठ समेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

विवादित जग्गाको जग्गाधनी दर्ता स्रेस्ता हेर्दा कि.नं. ४९, ६१ र १०३ को जग्गाधनीमा का.ई. बत्तीसपुतली बस्ने काजीलाल काजी क्षेत्री उल्लेख भई मोहीको नाम, थर, वतन महलमा रत्नलाल भनी श्रेष्ठ उल्लेख भएको देखिन्छ । विवादित जग्गाको फिल्डबुक हेर्दा जोताहा महलमा रत्नमान श्रेष्ठ उल्लेख भई जोताहाको व्यहोरामा सो जग्गा का.ई. बत्तीसपुतली बस्ने काजीलालको हो । मैले जोती खाई आएको भन्ने उल्लेख छ । वादीका पिता रत्नमानले भरेको मोहीको १ नं. लगत हेर्दा "विवादित जग्गा काजीलालको हो अरूको जग्गा जोती कमाई आएको" भनी उल्लेख गरेको देखिन्छ । यसरी हेर्दा जग्गाधनी प्रमाणपूर्जा, फिल्डबुक र मोहीको १ नं. लगत समेतका मिसिल संलग्न प्रमाण कागजबाट विवादित जग्गा राजगुठी नदेखिई निजी गुठीको हो भन्ने देखिने ।

१९२५ मा डिल्ली सिँह बस्नेतको ताम्रपत्र, १९८५ मा खड्गकुमारीले चेतबहादुरलाई लेखिदिएको बकसपत्र, २००५ सालको गुठी बन्दोबस्त अड्डाको फैसला, विवादित जग्गाका सम्बन्धमा काठमाडौं जिल्ला अदालत, बाग्मती अञ्चल अदालत र मध्यमाञ्चल क्षेत्रीय अदालतबाट भएका फैसला, जग्गाधनी दर्ता प्रमाणपूर्जा, फिल्डबुक र १ नं. लगत फाराम समेतका मिसिल संलग्न कागजातबाट विवादित जग्गा निजी गुठी रहेको भन्ने देखिने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल मंसिर २७ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. CI-०२१३, निर्णय दर्ता बदर, *जगतनारायण श्रेष्ठ वि. मु.स. गर्ने जीवनकुमार बस्नेत समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६७-WO-०१८२, उत्प्रेषण परमादेश, *लवाङ लामा वि. बालाजी इन्भेष्टमेन्ट प्रा.लि. का.म.न.पा वडा नं. ३५, तीनकुने काठमाडौं समेत*

विवादित जग्गा प्राप्त गर्न अमेरिकी राजदूतावाससँग सम्झौता गरेको भए पछि सो सम्झौता परिपालना गर्ने गराउने दायित्व पनि सो सम्झौतामा सहभागी पक्षहरूको नै हुने हो। अर्थात् निवेदकको मूल विवाद पनि अमेरिकी राजदूतावाससँग मात्र रहेको अवस्थामा अमेरिकी राजदूतावासलाई विपक्षी नबनाई करार मुद्दामा विपक्षी नै नबनाइएको र विपक्षी बनाउन नमिल्ने पक्षहरूको नाममा रहेको जग्गा रोक्का हुने वा नहुने भन्ने कुरा मुद्दाको रोहबाट हेरिने कुरा हो। त्यसमा पनि रिट निवेदकको आफ्नो हक प्रचलन गराई माग्न जो जससँग करार सम्झौता भएको हो सो पक्षलाई विपक्षी नबनाई विपक्षी हुनै नपर्ने बेसरोकारवाला व्यक्ति वा संस्थालाई विपक्षी बनाइएको कुरामा रिट जारी हुन नसक्ने।

अदालतमा विचाराधीन रहेको मुद्दामा मुद्दा अन्तिम फैसला हुँदाका बखत वादी प्रतिवादीहरूका प्रमाणको मूल्याङ्कन गरी कानूनबमोजिम निर्णय हुनसक्ने नै हुँदा मुद्दा फैसला हुनुभन्दा अगाडि नै मुद्दाकै रोहमा प्रमाणहरूको मूल्याङ्कन गरी भएका साधारण अधिकारक्षेत्रबाट विचार विमर्श गरी आदेश भएका कुरामा असाधारण अधिकार क्षेत्रको रिट निवेदनबाट निर्देशित गर्न वा कुनै बन्धनकारी आदेश जारी गर्न मिल्ने पनि होइन। त्यसमा पनि निवेदकले विवादमा देखाएको घरजग्गा रोक्का नभएको कारणले मात्र निवेदकको मौलिक हक हनन् हुन सक्तैन। मुद्दामा दावी नपुग्ने निर्णय हुन बाँकी नै रहेको अवस्थामा निवेदकसँग बेसरोकार रहेका विपक्षी बालाजी इन्भेष्टमेन्ट प्रा.लि.का नाममा कायम रहेको जग्गा निवेदकले भनेबमोजिम रोक्का राखिँदा मौलिक हक सुरक्षित हुने र रोक्का नराखिँदा निवेदकको मौलिक हक हनन् हुने अवस्था नहुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. २०६४-CR-०५०३, भ्रष्टाचार, *नेपाल सरकार वि. चक्रबन्धु अर्याल समेत*

कुनै ऐनलाई खारेज गर्ने गरी पछि लागू भएको कुनै अर्को ऐन क्रियाशील रहेको भए पनि त्यस्तो ऐनले खारेज गरेको अघिल्लो ऐन लागू रहेको बखत भए गरेको कुनै काम कारवाहीका हकमा तहकीकात र कानूनी कारवाही गरी दण्ड सजाय गर्न पछिल्लो ऐनको व्यवस्थाले बाधा नपुऱ्याउने र त्यस्तो काम कुराको हकमा पहिलेको ऐनबमोजिम नै कारवाही गर्न मिल्ने।

भ्रष्टाचार निवारण ऐन, २०१७ भ्रष्टाचारको कसूर, त्यसबापत हुने दण्ड सजाय र त्यस्तो कसूरमा मुद्दा दायर गर्ने हदम्यादलगायतको कानूनी प्रवन्ध गर्न बनेको विशेष प्रकृतिको र आधारभूत कानूनी प्रावधान सहितको (Self–contained) ऐनको रूपमा विद्यमान हुँदाहुँदै भ्रष्टाचारको कसूरमा दण्ड सजाय र हदम्याद समेत निर्धारण गर्ने वा सो विशेष ऐनको व्यवस्थालाई अनुशरण नगरी दण्ड सजायको हकमा मात्रै सो ऐनको प्रावधान आकर्षित हुने तर हदम्यादको विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को व्यवस्था आकर्षित हुने भन्ने अर्थ गर्दा कानूनको व्याख्या र प्रयोग गलत र निरर्थक हुनुको साथै भ्रष्टाचार निवारण ऐन, २०१७ को उद्देश्यमा नै प्रतिकूल असर पर्न जाने देखिन्छ। अतः प्रस्तुत विवादमा मुद्दा दायर गर्ने सम्बन्धमा पनि निःसन्देह रूपमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क मा व्यवस्थित हदम्याद नै आकर्षित हुने देखिन आयो भनी फौ.पु.नं. ०५४-CR-०१७८ को कुमार चुडालको प्रतिवेदनले नेपाल सरकार पुनरावेदक वादी र पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहरा समेत प्रत्यर्थी प्रतिवादी भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा यस अदालतबाट प्रतिपादित सिद्धान्तमा समेत विवेचना भैसकेको हुँदा प्रतिवादीउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को २०(२) को कसूरमा सजायको माग दावीलिई अभियोगपत्र दायर गर्ने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६०।८।८ मा निर्णय भएअनुरूप प्रतिवादीउपर प्रस्तुत अभियोगपत्र मिति

२०६०।८।१० मा विशेष अदालतसमक्ष दायर भएको देखिन्छ । यसरी विभागीय कारवाही नभएका प्रतिवादीको विरूद्धमा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ को कसूरमा सो ऐनको दफा २४क बमोजिम प्रतिवादीउपर अनुसन्धान कारवाही प्रारम्भ भएको मितिले २ वर्षभित्रै अभियोगपत्र दायर भएकोलाई हदम्यादविहीन मान्न नमिल्ने ।

भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ३, ७(१), १० र १५ को कसूरमा प्रतिवादीउपर लगाइएको अभियोग दावीमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लिखित हदम्याद आकर्षित हुने नभई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को हदम्याद लागू हुने देखिएको र सोको हदम्यादभित्रै अभियोगपत्र दायर भएको देखिनुको साथै यी प्रतिवादीउपर सो ऐनको दफा १५ मात्रैको कसूरमा अभियोग दावी लिएको नभई दफा ३, ७(१), १० र १५ सहितको कसूरमा सजायको माग दावी लिई अभियोगपत्र दायर भइरहेको अवस्थामा मुद्दाको तथ्यभित्र प्रवेश गरी विवादको निरोपण गर्नुपर्नेमा सोको विपरीत अप्रासंगिक अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक वाक्यांशअनुरूपको हदम्याद लाग्ने भन्दै सो अनुरूपको हदम्यादको अभाव देखाई अभियोगपत्र खारेज गर्ने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६४।६।१४ मा भएको फैसला उल्लिखित कानूनी व्यवस्था एवं आधार र कारण समेतबाट मिलेको नदेखिँदा उक्त फैसला कानूनसम्मत मान्न नमिल्ने ।

प्रतिवादीहरू विरूद्ध भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० १५ समेतका विभिन्न दफाहरू समेतका आधारमा अभियोग लगाएको देखिएको र उक्त भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४(क) मा हदम्याद समेतको व्यवस्था गरेको हुँदा सोही हदम्याद ग्रहण गरी निर्णय गर्नुपर्नेमा सोबमोजिम नगरी हदम्यादविहीन भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ लाई आकृष्ट गरी हदम्यादविहीन ठहर गरी अभियोग दावी नै खारेज गर्ने गरेको विशेष अदालत काठमाडौंबाट भएको मिति २०६४।४।१४ को निर्णय वादी नेपाल सरकार प्रतिवादी अच्यूतकृष्ण खरेल भएको संवत् २०६४ सालको फौ.पु.नं. ०६४-CR-०५८३ भ्रष्टाचार मुद्दामा यस अदालतबाट प्रतिपादित सिद्धान्तअनुसार समेत कानूनसंगत नभएकोले विशेष अदालतबाट भएको उक्त मिति २०६४।६।१४ को फैसला बदर गरिदिएको छ । अब जे जो बुझ्नुपर्ने बुझी मुद्दाको तथ्यभित्र प्रवेश गरी ठहरेबमोजिम निर्णय गर्नु भनी उपस्थित रहेका प्रतिवादीलाई विशेष अदालतमा हाजिर हुन जानु भनी तारिख तोकी प्रस्तुत मुद्दाको शुरू मिसिल समेत विशेष अदालत, काठमाडौंमा पठाई दिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल पुस १२ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** मुद्दा नं. ०६४-CR-०२३६, भ्रष्टाचार, *नेपाल सरकार वि. पदमप्रसाद पोखरेल समेत*

तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १०, १५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) र (२) तथा ४७ समेत दावी लिएको अवस्थामा सो बमोजिम कसूर गरेको हो, होइन ? प्रमाणको रोहमा विचार गर्ने कुरा हो, तर सो सम्बन्धमा प्रवेश नै नगरी आकर्षित नहुने हदम्यादको प्रश्न उठाई इन्साफ गर्न इन्कार गरेको र अभियोगपत्र नै खारेज गर्ने गरेको मिलेको देखिँदैन । पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन समेतको जानकारीहरू प्राप्त भएको सन्दर्भमा जाँचबुझ गर्ने कार्यादेश सहित अनुसन्धान अधिकृत तोकिई मुद्दा चलाइएको र पुनरावेदक नेपाल सरकार विपक्षी प्रतिवादी अच्यूतकृष्ण खरेल समेतका मुद्दामा हदम्यादका सम्बन्धमा निश्चित सिद्धान्त प्रतिपादन भैसकेको अवस्थामा सो विपरीत प्रस्तुत मुद्दामा विशेष अदालतको खारेजी निर्णय भएको देखिएको कानूनसंगत देखिएन । प्रतिवादीले आफ्नो हकमा २०५५ सालमा अनुसन्धान भएको भनेको भए पनि सो मूलतः धर्मपुत्रीसम्बन्धी विषय देखिएको स्थितिमा सो कारणले मात्र तदुपरान्त पनि प्रतिवादी सार्वजनिक पदमा बहाल रहेको अवस्थामा अकुत सम्पत्ति आर्जन गरेको भन्ने अभियोगमा अनुसन्धान गर्न नमिल्ने भन्न नमिल्ने हुँदा विशेष अदालत, काठमाडौबाट मिति २०६४।२।२४ मा

भएको फैसला उल्लिखित कानूनी व्यवस्था एवं माथि विवेचना गरिएका आधार र कारण प्रतिपादित सिद्धान्त समेतबाट मिलेको नदेखिँदा उल्टी भई उक्त फैसला बदर हुने ठहर्छ। अब जे जो बुझ्नु पर्ने बुझी मुद्दाको तथ्यभित्र प्रवेश गरी ठहरेबमोजिम निर्णय गर्नु भनी उपस्थित रहेका प्रतिवादीलाई विशेष अदालतमा हाजिर हुन जानु भनी तारिख तोकी प्रस्तुत मुद्दाको शुरू मिसिल समेत विशेष अदालत, काठमाडौंमा पठाई दिने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल वैशाख ३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०७५२, कर्तव्य ज्यान, *दीपककुमार राई वि.नेपाल सरकार*

प्रतिवादीले कसूर स्वीकार गरी निजको स्वीकारोक्ति, सावितीका आधारमा न्यायिक प्रक्रियालाई सहज बनाएको भन्ने झिनो तर्कका आधारमा अ.बं. १८८ नं. बमोजिम भएको विधायिकी प्रावधानलाई हलुका रूपमा लिई निर्णय दिने वा सजाय निर्धारण गर्ने अधिकारीले अ.बं. १८८ नं बमोजिमको राय व्यक्त गर्न सक्ने होइन। अ.बं. १८८ नं. को राय व्यक्त गर्न वारदातको खास परिस्थिति, वारदातको प्रकृति नियोजित नभै भवितव्य हुनुपर्दछ। त्यस्तो वारदात नियोजित रूपमा नभई वा वारदातको प्रकृतिबाट ज्यान जान सक्नेसम्मको परिणामको विचार गर्दागर्दै वारदात हुन गई उक्त वारदात भवितव्य प्रकृतिको भई भवितव्य हुन गएमा त्यस्तो कसूरबाट प्रतिवादीलाई कानूनबमोजिम सजाय निर्धारण गर्दा चर्को पर्न गई निजलाई थप अन्याय हुनसक्ने हो कि भन्न हुने अवस्था भएमा निर्णय गर्ने अधिकारीका रूपमा संलग्न न्यायिक अधिकारीलाई लागेमा वा निजको चित्तले देखेमा मात्र अ.बं. १८८ नं. लाग्न सक्छ। प्रस्तुत वारदातको प्रकृति सामान्य भई रकम लेनदेनको विषयलाई लिएर वादविवाद हुँदा मृतक चन्द्रमायालाई लखेटी लखेटी बामफोक जस्तो धारिलो हतियारले पटक-पटक प्रहार गरी ज्यान मारी सकेपछि आमा आमा भन्दै नजिकै आइरहेका अर्का मृतक टंकवर राईलाई समेत निर्ममतापूर्वक पटक-पटक प्रहार गरी सृङ्खलावद्ध रूपमा मृतकहरूको कर्तव्य गरी मारेका यी प्रतिवादीका हकमा अ.बं. १८८ नं. बमोजिम विधायिकी सुविधा समेत प्रयोग गरी राय व्यक्त गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने हुँदा निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर निर्मला भट्ट

इति संवत् २०६८ साल माघ ४ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CI-०५०२, निषेधाज्ञा, *राजेन्द्र राउत कुर्मी वि.जिल्ला बारा गोलागञ्ज गा.वि.स. वडा नं. २ स्थित श्रीराम चरित्र उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरबहादुर साह*

कुत मोही मुद्दाको तथ्य व्यहोरालाई लुकाई दूषित मनसाय लिई भूमिसुधार कार्यालयको र पुनरावेदन अदालतको दुबै निर्णय आफू मुद्दाको प्रत्यक्ष सरोकार रहेको पक्ष भएर पनि जानकारी नभएको र फैसलाको जनाउ समेत नदिएको भनी अविश्वसनीय तर्क लिइ अदालतलाई समेत गुमराहमा राखी सत्यतथ्य साथ सफा हात लिएर अदालत प्रवेश नगरेको अवस्थामा निवेदक विपक्षीले अन्तिम भै बसेको मिति २०५६।३।१६ को फैसलाको आधारमा विवादित जग्गामा यी पुनरावेदकको गैरकानूनी कब्जाबाट छुटाई प्रत्यर्थी निवेदकलाई भोग चलन गर्नबाट बञ्चित नगर्नु नगराउनु भनी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CI-०५७१, निषेधाज्ञायुक्त परमादेश, *नेपाल नेत्रज्योति संघ कास्की पोखरा शाखाका अधिकारप्राप्त अध्यक्ष इन्दिरा बराल वि. प्रा.डा. दिलबहादुर क्षेत्री*

विपक्षी डा. दिलबहादुर क्षेत्री नेपाल नेत्रज्योति संघ कास्की शाखाको तदर्थ समितिको संयोजक मिति २०६५।५।१५ को नेपाल नेत्रज्योति संघ केन्द्रीय कार्यालयको निर्णयबाट भएको र सोको जानकारी यी पुनरावेदकलाई मिति २०६५।६।१ को पत्रबाट गराएपश्चात् आधिकारिक प्रतिनिधि यी पुनरावेदक भएको मान्न मिलेन। निज

पुनरावेदक सो संघको पदाधिकारी नै नभए नरहेको अवस्थामा तदर्थ समितिका संयोजकले मिति २०६६।४।२४ मा साधारण सभा बोलाउन नसक्ने भन्ने देखिएन। त्यसमा पनि उक्त साधारण सभा नै सम्पन्न भै विपक्षी डा. दिलबहादुर क्षेत्रीलाई नै अध्यक्ष पदमा चयन गरी कार्य समिति गठन गरिसकेको भन्ने हुँदा त्यसरी सम्पन्न भैसकेको कार्यको लागि निषेधाज्ञायुक्त परमादेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०४४८, उत्प्रेषणयुक्त परमादेश, *अबुल मिँया वि. गुलाम मोहिउद्दिन समेत*

अंश मुद्दाको कारवाहीको क्रममा भएका अंश पाउने नपाउने सम्बन्धमा यकीन गरी निरोपण गर्न विवादित नाताको कुरामा डी.एन.ए.परीक्षण गर्न जरूरी सम्झी सो प्रक्रिया पूरा गरी अन्य आवश्यक आदेश हुन सक्ने नै हुँदा डी.एन.ए. कारण देखाई तत्कालका लागि अंशियार मानी तायदाती माग गर्न नमिल्ने भनी अ.बं. १७ नं. बमोजिम आदेश भएकोमा न्याय निरोपणको लागि सबूद प्रमाण बुझ्ने कुरामा नियमित अदालतबाट कानूनबमोजिम गरेको कार्यविधिगत आदेशमा रिट क्षेत्रबाट हस्तक्षेप गर्नुपर्नेसम्मको कारण नहुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २९ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०७३६, उत्प्रेषणयुक्त परमादेश, *अनिलप्रसाद केसरी वि.लोक सेवा आयोग समेत*

लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य पूरा गर्न एवं आफूले सम्पादन गर्नुपर्ने कामहरू सञ्चालन गर्नका लागि एवं आफ्नो कार्य सञ्चालनको प्रभावकारिताका लागि निर्देशिका बनाई लागू गर्न सक्ने नै हुन्छ। सोही सन्दर्भमा लोकसेवा आयोगको परीक्षा पद्धति निर्देशिकाअनुरूप समान श्रेणी र पदमा दरखास्त दिन पाउने सम्बन्धमा त्यस आयोगबाट मिति २०६५।१२।३१ मा समान पद र श्रेणीमा कार्यरत् रहेका कर्मचारीहरूको समावेशी तर्फका विज्ञापनमा उम्मेदवार हुन पाउने गरी लोकसेवा आयोगबाट मिति २०६५।१२।३१ मा यी रिट निवेदकलाई विज्ञापित पदको अन्तर्वार्तामा समावेश नगराउने गरी भएको निर्णय र सो निर्णयको जानकारी गराउने गरी भएको पत्राचारलाई अन्यथा भन्न नसकिने भएबाट विपक्षी लोकसेवा आयोगको मिति २०६५।१२।३१ को निर्णयले यी रिट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त कुनै हकमा आघात पुगेको अवस्था विद्यमान नहुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०७७२, उत्प्रेषण समेत, *बलबहादुर आलेमगर वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, कर्मचारी शाखा, बबरमहल काठमाडौं समेत*

२०४७ सालमा नै रिट निवेदकले आफ्नो सेवा अवधि जोडी पाउन निवेदन दिएको र सो कारवाही टुङ्गो नलाग्दैको अवस्थामा निजले स्वेच्छिक अवकाशका लागि राजीनामा दिई उपदान समेत ग्रहण गरिसकेको देखिएको एवं २०४७ सालमा सेवा अवधि जोड्न निवेदन दिई सोको कारवाही टुङ्गो नलगाई १५ वर्षसम्म चुप लागी हाल आएर उक्त सेवा अवधि जोडी निवृत्तिभरण उपलब्ध गराइपाऊँ भन्न विलम्बको सिद्धान्त समेतको विपरीत समेत हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट नं. २०६६-WO-०७७६, उत्प्रेषणयुक्त परमादेश, *कमलप्रसाद पोखरेल वि. जिल्ला शिक्षा कार्यालय, खलंगा प्युठान*

विशेष बढुवा भएकोमा अन्यथा भन्न नसकी निवृत्तिभरणको प्रयोजनको लागि मात्र बढुवालाई

अस्वीकार गरेको विपक्षी विद्यालय शिक्षक किताबखानाको लिखित जवाफबाट देखिए पनि बढुवा भएको वोधार्थ विपक्षी विद्यालय शिक्षक किताबखानालाई दिएको र सो बढुवा बदर भएको पनि देखिँदैन। सो बढुवा बदर नभएसम्म कायम रही रहने भएबाट निवेदकलाई प्रा.वि. प्रथम श्रेणीमा बढुवा गरी प्रा.वि. द्वित्तीय श्रेणीको निवृत्तिभरण दिन नमिल्ने।

बढुवासम्बन्धी जानकारी विपक्षी विद्यालय शिक्षक किताबखानालाई वोधार्थ दिई विद्यालय शिक्षक किताबखनाबाट उक्त बढुवा स्वीकार गरी बढुवा बदर नगरी बढुवा कायम रहेको यस्तो अवस्थामा यी निवेदकलाई बढुवाबमोजिमको निवृत्तिभरण नदिई प्रा.वि. द्वितीय श्रेणीको मासिक रू. ७०६५।४५ रकम निवेदकले पाउने भनी विपक्षी विद्यालय शिक्षक किताबखानाद्वारा प्रेषित निवृत्तिभरण अधिकार ऋमसंख्या २००२२३३ को निवृत्तिभरण अधिकारपत्र गैरकानूनी देखिएकोले बदर गरिदिएको छ। अब निवेदकलाई प्रा.वि. प्रथम श्रेणीकै कानूनबमोजिम हुने निवृत्तिभरण उपलब्ध गराउनु भनी विपक्षी विद्यालय किताबखाना समेतका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम्।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको २०६६-WO-१२६१, उत्प्रेषणमिश्रित परमादेश, *हरि महतो कहार समेत वि. गाउँ विकास समितिको कार्यालय, सरूवाअठा रौतहट समेत*

निवेदकहरूले गाउँ परिषद् बैठकमा गणपूरक संख्या नै नपुगेको भन्न नसकी अनुपस्थित रहेका कीर्ते सही गराएको भन्दै प्रस्तुत निवेदन गरेको देखिन्छ। जबकि गाउँ परिषद्को बैठकमा पचास प्रतिशत सदस्य उपस्थित नभए त्यस्तो परिषद्ले कानूनी मान्यता प्राप्त गर्न नसक्ने र एक तिहाई सदस्यले माग गरेमा जहिलेसुकै पनि परिषद् बैठक बोलाउन सक्ने कानूनी प्रावधान देखिँदा देखिँदै उक्त कार्यतर्फ निवेदकहरू नलागी मौलिक तथा कानूनी हक हनन् भयो भनी कानूनको स्पष्ट उल्लेख नगरी परिषद् सम्पन्न भैसकेपश्चात् आफ्ना सही कीर्ते गरेको र गाउँ परिषद्बाट पारीत बजेट रकम जिल्ला विकास समितिबाट निकासा गर्न लागेको भन्ने मात्र आधारमा अस्पष्ट दावी लिई आएको प्रस्तुत निवेदनको आधारमा स्वशासित संस्था गाउँ विकासको गाउँ परिषद् बैठक सम्पन्न भएबाट निवेदकहरूको मौलिक तथा कानूनी हक हनन् भएको भनी अर्थ गर्न नमिल्ने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

इति संवत् २०६८ साल जेठ २९ गते रोज १ शुभम्।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको ०६७-CI-१६१७, फैसला बदर, *नारायणबहादुर मल्ल वि.मु.स. गर्ने चन्द्रकुमारी तिमिल्सिना समेत*

शुरू भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०५४।८।२९ को फैसला र सोही फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटन समेतको फैसलाबाट प्रत्यर्थी वादीको हक हितमा असर परेको भनी परेको फिरादमा जो जे बुझ्नुपर्ने हो बुझी शुरू भूमिसुधार कार्यालय काठमाडौंबाट इन्साफ गर्नुपर्नेमा सो गरेको देखिएन। आफूसमक्ष परेको फिरादमा पक्षको हक हितमा असर परेको छ, छैन बुझी निर्णय गर्नुपर्ने कानूनी कर्तव्य भएको भूमिसुधार कार्यालयले प्रमाणका आधारमा फैसला ठहर गर्नुपर्नेमा क्षेत्राधिकारको अभावमा खारेज गर्ने गरी भएको निर्णयलाई बदर गरी पुनः इन्साफका लागि शुरू भूमिसुधार कार्यालयमा पठाइदिनु पर्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०६८ साल मंसिर १६ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको ०६७-CI-१६१६, जोत दाखेल खारेज नामसारी, नारायणबहादुर मल्ल वि. मु.स.गर्ने चन्द्रकुमारी तिमिल्सिना समेत
- २०६७ सालको ०६७-CI-१६१८,फैसला बदर, नारायणबहादुर मल्ल वि. मु.स.गर्ने चन्द्रकुमारी तिमिल्सिना समेत

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-१४१५, फैसला बदर मोही नामसारी, *मनोरमा कुमारी भन्ने मनोरमा देवी वि. शकुन्तला देवी झा*

मिसिल संलग्न मोहियानी हकको प्रमाणपत्रको छायाँप्रति हेर्दा, साविक जग्गाधनी डा. शम्सेरजंग थापा जग्गाको मोहीमा जयनारायण झा जनिएको मोहियानी हकको प्रमाणपत्रको छायाँप्रतिबाट देखिन्छ । सो प्रमाणपत्रमा उल्लिखित व्यहोरालाई साविक जग्गाधनी तथा त्यसपछि हक हस्तान्तरण हुँदै हाल कायम रहेका जग्गाधनी समेतले मोहीको लगत कट्टातर्फ कुनै कारवाही गरेको पनि देखिन्न । यसरी अघिल्लो मुद्दा अन्तिम भै बसेको र पछिल्लो मुद्दामा प्रतिवाद गर्दा अघिल्लो मुद्दाको प्रतिवाद हुने गरी जग्गाधनी कृष्णकुमार झाले प्रतिवाद गरेको अवस्था आफैमा खण्डित भएको देखिएबाट साविक जग्गाधनीको नाउँमा कायम रहेका मोही जयनारायण झाको मृत्यु भै निजको मोहियानी हक निजकी श्रीमती विपक्षी सकुन्तला झामा सर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल मंसिर १६ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६८-WH-००३१, बन्दीप्रत्यक्षीकरण, *गणेशप्रसाद न्यौपाने समेत वि. वैदेशिक रोजगार विभाग समेत*

फौजदारी कसूरमा कानूनबमोजिम पक्राउ गर्नेलगायतका अनुसन्धान कार्य गर्न पाउने सम्बन्धित पदाधिकारीलाई कानूनले अधिकार प्रदान गरी नै रहेकोले अनुसन्धान नै गर्न नपाउने र अनुसन्धानको सिलसिलामा आवश्यक परी कानूनबमोजिम थुनामा राख्नै नपाउने भन्न नमिल्ने ।

निवेदकहरू वैदेशिक रोजगार ठगीको कसूरमा पक्राउ परी आएपछि बयान गराई धरौट माग गर्दा धरौट नदिएको कारण मुद्दा हेर्ने निकायबाट थुनामा राख्न अनुमति लिई यी निवेदकहरूलाई थुनुवा पूर्जी दिई कानूनबमोजिम प्रक्रिया र कार्यविधि पूरा गरी थुनामा राखिएको देखिएकोले गैरकाननूनी थुनामा रहेको भन्न सक्ने अवस्था देखिन नआउने ।

एउटै विषयमा पटक-पटक भिन्नाभिन्नै अदालतमा व्यक्तिगत स्वतन्त्रताको सुरक्षाको नाममा निवेदन वा मुद्दा दिई रहने कार्य न कानूनअनुरूप छ, न त उचित र व्यक्तिगत स्वतन्त्रताको रक्षाको लागि निर्देशित छ । यसै विषयमा यिनै निवेदकरूले पुनरावेदन अदालत, पाटनमा दिएको बन्दीप्रत्यक्षीकरणको निवेदन मिति २०६८।७८ मा खारेज भइसकेपछि पुनः यस अदालतमा सोही विषयको बन्दीप्रत्यक्षीकरणकै निवेदन दिएको देखिँदा यी निवेदक गणेशप्रसाद न्यौपाने र गंगादेवी न्यौपानेलाई थुनाबाट मुक्त गर्न मिल्ने देखिएन । निजहरूलाई कानूनसंगत तरिकाले नै थुनामा राखेको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल कात्तिक २९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं. ०१०९, ०४७२, करारबमोजिम रकम दिलाई पाऊँ, *बि.एस. कन्स्ट्रक्शनका प्रो. अशोककुमार श्रेष्ठ वि. शुभकामना कन्स्ट्रक्शनका प्रो. चित्रबहादुर कार्की, शुभकामना कन्स्ट्रक्शनका प्रो. चित्रबहादुर कार्की वि.बि.एस. कन्स्ट्रक्शनका प्रो. अशोककुमार श्रेष्ठ*

कबुलियतनामाबमोजिम आधि अवधि ठेक्का आफूले सञ्चालन गरेको भन्ने वादीको दावी र भनाई उचित देखिन आएन । यी दुबै पक्षबीच भएको मञ्जूरीनामाअनुसार संयुक्त बैंक खाता खोल्नेलगायतका कुनै कामकारवाही भएको नदेखिएबाट पनि यी वादीको दावी यथार्थमा आधारित देखिन आएन । अर्कोतर्फ यी दुई पक्षबीच सम्पन्न मिति २०५८।९।३ को सम्झौतानुसार ठेक्का दिने नं. ५ बाहिनीले ठेक्कासम्बन्धी सम्पूर्ण कारोवार प्रतिवादीसँगै गरेको देखिएकोले पनि यी वादीको दावी पुष्टि हुने आधार नदेखिने ।

वादी र प्रतिवादीका बीचमा सम्पन्न मिति २०५८।९।३ को सम्झौतामा नै शुरूमा एग्रिमेन्ट गर्दा राखिएको ५ प्रतिशत धरौटी रकम रू. ७,८०,०००।- दुबै जनाको बराबर राखिएको छ भन्ने व्यहोरा उल्लेख भएको देखिन आउँछ । सो व्यहारालाई विपक्षी प्रतिवादीले होइन भनी खण्डन गर्न सकेको देखिन आउदैन । सोको आधार यी वादीलाई प्रतिवादीले बुझाइसकेको भन्ने पनि देखिँदैन । यी दुबै जनाले संयुक्तरूपमा टेण्डर फाराम भरी दाखिला

गरेको र त्यसलाई मिति २०५८।९।३ को सम्झौताले पुनर्पुष्टि गरिरहेको अवस्थामा सो धरौटी रकममध्ये आधा यी वादीले नपाउने भन्न सकिने अवस्था नदेखिँदा ठेक्का सञ्चालनसम्बन्धी दावीको रकम भरी नपाउने र ५ प्रतिशत धरौटी रकम रू.७,८०,०००।- मध्ये आधा रकम रू. ३,९०,०००।- वादीले भरी लिन पाउने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CR-००४८, डाँका चोरी, *नेपाल सरकार वि. जगबहादुर चौधरी समेत*

डाँकाको कसूर अपराध कायम हुन आफ्नो हक नपुग्ने कुनै मालवस्तु कुनै व्यक्तिको भोग कब्जाबाट मालधनीलाई थाहा दिई वा नदिई लिने खाने उद्देश्यले धनीको हक मेटाई बेइमानीका नियतले जवर्जस्ती लगेको हुनुपर्ने।

यी प्रतिवादीहरूले डाँका गरी सम्पत्ति लिन सक्षम भई नसकेको अवस्थामा शंका गर्ने मनसाय र तयारीकासाथ वारदातमा सक्रियतापूर्वक अग्रसर भएकोसम्म देखिएकोले डाँका गरेको नभई सोको प्रयास वा उद्योगसम्म गरेको प्रमाणित भएको देखिँदा वारदातस्थलबाट समातिएको प्रत्यर्थी प्रतिवादीहरू जगबहादुर चौधरी, दिलबहादुर विक, शंकरबहादुर विक, देवबहादुर विक, लक्षी कामी र पुरनबहादुर साउदले अभियोग दावीबमोजिम चोरीको महलको १ र ६ नं. को कसूर गरिसकेको प्रमाणित हुन नसकेपछि डाँकाको उद्योगसम्म कसूर गरेको देखिँदा चोरीको महलको १७ नं. बमोजिम डाँका गर्ने उद्योगसम्म गरेकोमा जनही तीन वर्ष कैद हुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल भदौ १८ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको WH-०००८, बन्दीप्रत्यक्षीकरण, *पवनकुमार मित्तल वि. नीसा मित्तल समेत*

नाबालक बच्चाको पालन पोषण गर्ने पहिलो प्राकृतिक संरक्षक आमा हो। नाबालकको मानसिक र शारीरिक अपरिपक्वताको कारणले विशेष हेरचाह र स्याहार सुसारको आवश्यक जिम्मेवारी र दायित्व जन्मनु अघि र जन्मिसकेपछि पनि प्राकृतिक बाबु आमाले नै पूरा गर्नुपर्ने।

नाबालकलाई आमाले आफैं पाल्न चाहेमा निजैले पाल्न पाउने हुन्छ। प्रस्तुत विवादमा पनि नाबालक युवराज मित्तललाई यी निवेदकले घरबाट हिँडेको भनेको २०६२ फागुनदेखि अनवरत रूपमा हालसम्म आमाले पालनपोषणलगायतको दायित्व निर्वाह गर्दै पाली आएको देखिन्छ। यी निवेदकलाई भेट्न नदिएको भने पनि नाबालक छोरालाई भेट्ने प्रयास कहिले गरेको र के कारणबाट भेट्न नदिएको हो निवेदनमा स्पष्ट छैन। बरू निवेदकले बहुविवाह गरेको भनी जिल्ला प्रहरी कार्यालय पर्सामा विपक्षी नीसा मित्तलले जाहेरी दरखास्त दिएको कुरा लिखित जवाफबाट देखिँदा निवेदकको आचरण र व्यवहार समेत सफा नरहेको र नियत शुद्ध नभएको देखिएको छ। तसर्थ, निवेदकले भनेबमोजिम निजको छोरासँग भेटघाट गर्न नदिई छोराको उचित शिक्षा र भरणपोषण नगरी मानसिक रूपले पीडित गरी बन्दी बनाएको भन्ने कुरा पुष्टि नभई कपोलकल्पित देखिँदा मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल भदौ २३ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** फौजदारी पुनरावेदन नं. ०६६-CR-०८१०, कर्तव्य ज्यान, *रामबहादुर नेपाली वि. नेपाल सरकार*

पत्नीको ईच्छाविपरीत यौन सम्पर्क गर्न नपाएको कारण आक्रोशित भई यी प्रतिवादीले आफ्नी श्रीमतीलाई घाँटी थिची मारेको कार्य न भवितव्य हो न अज्ञानतावस गरिएको हो र न त असामान्य वा बिग्रेको मानसिक अवस्थामा गरिएको कार्य हो। निजले जानाजानी आफ्नी जीवन संगीनी श्रीमतीलाई क्षणिक आवेगबाट सिर्जना भएको रिस थाम्न नसकी मारेकोले सो कार्य भवितव्य देखिन आएन। जानेर बुझेर आफ्नी पत्नीको हत्या गरेकोले निज प्रतिवादीलाई अभियोग दावीबमोजिम कसूर गरेकोमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

वारदातको परिस्थिति, प्रतिवादीको उमेर, निजको पारिवारिक स्थिति र घटनाको पृष्ठभूमिलगायत समग्र परिस्थितिको रूप विचार गर्दा यी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दाबस्तको १८८ नं. बमोजिम १५(पन्ध्र) वर्ष कैदको सजाय गर्नु न्यायसंगत हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६८ साल साउन २५ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको CI-०३३२, पर्खाल भत्काईपाऊँ, *सीतादेवी खड्का वि. हीमा चापागाई*

आफ्नो हकको र कानूनबमोजिमको दर्ता स्रेस्ता कायम रहेको जग्गामा दर्तावाल व्यक्तिले निर्वाध रूपले हकभोग गर्न पाउँछ । त्यसमा कानूनबमोजिम बाहेक कसैले रोकटोक गर्न गराउन सक्तैन । जग्गाधनीले पनि आफ्नो जग्गा कानूनबमोजिम उपभोग गर्नु पर्छ । अर्काको जग्गा अतिक्रमण गर्न पाइँदैन । तर कसैले आफ्नो दर्ता स्रेस्ता र भोगभित्रको जग्गा अर्काले मिची घुसाई लिए खाएमा सो कुराको पुष्टि गर्न सक्नुपर्ने ।

बाटोमा जग्गा जोडिएका जग्गाधनीहरूले बाटो फराकिलो बनाउन आ-आफ्नो जग्गा समेत छोड्ने सहमती दिएबमोजिम बाटो फराकिलो भएको मान्नुपर्ने हुन्छ । सो सम्बन्धमा यी वादीले विवाद उठाएको पनि देखिँदैन । वादीको जग्गा सँगै जोडिएको दक्षिणतर्फ बाटो रहेकोले निजको दर्ता स्रेस्ताअनुसारको नपुग ०-०-०-१ दाम जग्गा सो बाटोमा नै परेको हुनसक्ने देखिन्छ । अर्कोतर्फ आफ्नो दर्ता स्रेस्ताभन्दा बढी जग्गा प्रतिवादीले भोग नगरेको अवस्थामा वादीले दावी गरेबमोजिम वादीको जग्गा प्रतिवादीले खिचोला गरेको भन्ने वादी दावी मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन नआउने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल असोज ९ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६२ सालको फौजदारी पुनरावेदन नं. ३५२२, अदालतको अपहेलना, *दामोदर रोपवेज एण्ड कन्स्ट्रक्शन कम्पनी, बंसिटार्ट रोड कलकत्ता ७००००१ भारतमा मुख्य कार्यालय भई का.म.न.पा. वडा नं. २ लाजिम्पाट शाखा कार्यालयका अधिकारप्राप्त प्रतिनिधि अरविन्द मजुमदार वि. उदयपुर सिमेन्ट उद्योग लि. जलजलेका महाप्रवन्धक मदनप्रसाद परियार समेत*

अदालतको अपहेलनासम्बन्धी मुद्दा फौजदारी प्रकृतिको भएको र यस्तो फौजदारी प्रकृतिको मुद्दामा कसूर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार निःसन्देहरूपमा वादी अर्थात् निवेदक उजूरीकर्तामा रहन्छ । निवेदकले आशंकाको भरमा अदालतको अपहेलना भएको भनी दावी लिई विपक्षीलाई सजाय गर्न माग समेत गरेको तर, विपक्षीबाट अपहेलनाजन्य कुनै कसूर भएको भनी प्रमाणित गर्न नसकेको हुँदा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८५४६, रकम दिलाई पाऊँ, *दामोदर रोपवेज एण्ड कन्स्ट्रक्शन कम्पनी, बंसिटार्ट रोड कलकत्ता ७००००१ भारतमा मुख्य कार्यालय भई का.म.न.पा. वडा नं. २ लाजिम्पाट शाखा कार्यालयका अधिकारप्राप्त प्रतिनिधि अरविन्द मजुमदार वि.२-५-८ किटा आयोयामाकु टोकियो जापानमा प्रधान कार्यालय भई का.म.न.पा. वडा नं. ३५ हाजमा कर्पोरेशन शाखा कार्यालयका जनरल मेनेजर हिरोयुकी नोमियामा समेत*

हाजमा कर्पोरेशनको कार्यालयको कार्यालय, काठमाडौं देखिइरहेको र कारोवारको कार्य नेपालमा नै भएको स्थितिमा मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको २९ नं. को देहाय १(२) ले निर्दिष्ट गरेअनुसार क्षेत्राधिकार नभएको अदालतमा मुद्दा दायर गरेको भन्न नमिल्ने ।

कुनै पक्षले आफ्नो बचन वा आचरणबाटै कुनै विषयमा कुनै कुराको प्रतिज्ञा गर्छ वा सोबाट आश्वस्त भई अर्को पक्षले कुनै कार्य वा सेवा प्रदान गर्दछ भने त्यस्तो प्रतिज्ञा गर्ने पक्ष आफूले प्रतिज्ञा गरेको दायित्वबाट पछि हट्न सक्ने अवस्था रहँदैन । त्यस्तो प्रतिज्ञा कानूनी दायराभित्र पर्ने ।

आफूले कार्यसम्पादन गरेपछि भुक्तानी पाउने कुरामा विश्वस्त भई प्रतिवादीको बचनवद्धताको आधारमा कार्य सम्पादन गरिसकेपछि प्रतिवादीले वादीलाई भुक्तानी दिनुपर्ने कानूनी दायित्व हुने हुँदा सोबाट बिमुख हुन खोज्नु स्पष्टतः प्रमाण ऐन, २०३१ को दफा ३४(१) विवन्धनको कानूनी व्यवस्था र वचनवद्धताको विवन्धन (Promissory Estoppel) विरूद्ध हुन जाने ।

१५ जनवरी १९९३ ई. मा प्रत्यर्थी प्रतिवादीले पुनरावेदक वादीलाई लेखेको पत्रानुसार यी पुनरावेदक वादीले निर्माणस्थलमा पुऱ्याएको सामग्रीको भुक्तानी मागेको र सो सामानको हाजमाले दिने भुक्तानी दिन बाँकी रहेको कुरामा विवाद देखिँदैन । उक्त पत्र व्यवहारबाट सो भुक्तानी पुनरावेदक वादीलाई बुझाउनु पर्ने दायित्व प्रत्यर्थी प्रतिवादी हाजमा कर्पोरेशनमा सरेको हुँदा वादी दावीअनुसार भुक्तानी हुन बाँकी रकम पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादी हाजमा कर्पोरेशनबाट पाउने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०११५, उत्प्रेषण, *श्यामराजा रञ्जित समेत वि. शंकर रजक समेत*

काठमाडौं जिल्ला, काठमाडौं नगरपालिका वडा नं. २० कि.नं. ३२२ मा रहेको श्रीकृष्ण सत्तलको ढोकामा रहेको शिलापत्रबाट सो सत्तल जनताको आश्रयको लागि धर्मशाला, श्रीकृष्ण भगवानको पूजा आराधना, जात्रा आदि कार्य सम्पन्न गर्नको लागि प्राचीनकालमा निर्माण गरिएको भन्ने देखिन आएको, विवादित श्रीकृष्ण गुठी सत्तल श्रीकृष्णको नाममा स्थापित भएको भन्ने तथ्यलाई यी विपक्षीले समेत स्वीकार गरेको, काठमाडौं उपत्यका नगर विकास योजना टोलीले २०३९ सालमा तयार गरेको काठमाडौं क्षेत्रभित्र रहेका पाटी, सत्तल, ढुङ्गेधारा, आदिजस्ता महत्वपूर्ण सम्पत्तिको सर्वेक्षण गरी तयार गरेको इन्भेन्ट्री पुस्तिकाको सत्तल नं. २० मा विवादित सत्तलको बारेमा उल्लेख भएको देखिएको मिति २०४५।१२।३ मा भएको उक्त सत्तलको नक्सा मुचुल्काबाट सो सत्तल सार्वजनिक प्रकृतिको देखिएको र उक्त मुचुल्कामा यी प्रत्यर्थी रोहबरमा बसे पनि उक्त सत्तलमा आफ्नो भोग चलन भएको भनी व्यहोरा लेखाउन नसकेको भन्ने समेत आधार र कारणबाट उक्त विवादित सत्तलमा उक्त यी प्रत्यर्थीको हकाधिकार भोगाधिकार देखिन नआएको हुँदा विपक्षीले विवादित श्रीकृष्ण सत्तलमा भोगाधिकार चलन नपाउने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल मंसिर १२ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१३४४, फैसला बदर गरी सार्वजनिक सत्तलबाट हटक गरिपाऊँ, *मु.स. गरी आफ्नो हकमा समेत शंकर रजक वि. श्यामराजा रञ्जित समेत*

काठमाडौं उपत्यका नगर विकास योजना टोलीले २०३९ सालमा काठमाडौं नगर क्षेत्रका पाटी, सत्तल, ढुङ्गेधारा, आदिजस्ता महत्वपूर्ण सम्पदाको सर्वेक्षण गरी अभिलेख तयार गर्ने क्रममा तयार उक्त इन्भेन्ट्री पुस्तिकामा उल्लिखित व्यहोरा तथा अदालतको आदेशानुसार भएको नक्सा मुचुल्कामा उल्लिखित व्यहोरा समेतको आधारमा विवादित सत्तल निजी हकभोगको नभई सार्वजनिक प्रकृतिको भएको देखिन आउँछ । सार्वजनिक प्रकृतिको उक्त सत्तल सार्वजनिक प्रयोग एवं उपभोग हुनसक्ने देखिए पनि कुनै पनि व्यक्तिले निजी रूपमा प्रयोग गर्नसक्ने अवस्था देखिन नआउने ।

आफू रोहबरमा बसी भएको कागजमा आफ्नो विरूद्धमा कुनै व्यहोरा उल्लेख भएमा सो व्यहोरामा असहमति जनाई आफ्नो व्यहोरा उल्लेख गर्नसक्ने अवस्थामा यी पुनरावेदक रोहबरमा बसी सहीछाप गरेको देखिएबाट सो मुचुल्कामा आफ्नो व्यहोरा लेखाउने व्यक्तिहरूले उल्लेख गरेको व्यहोरामा यी पुनरावेदकको सहमति भएको देखिन आएकोले विवादित सत्तलमा यी पुनरावेदकको हकाधिकार, भोगाधिकार भएको देखिन नआउने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६८ साल मंसिर १२ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CR-०२९४, ०४१५, ०४१६, ०६३८, कर्तव्य

ज्यान, *नेपाल सरकार वि. रविनाथ झा समेत, शशिनाथ झा वि. नेपाल सरकार, निर्मलादेवी मिश्र वि. नेपाल सरकार, ऐलुन राईन वि. नेपाल सरकार*

प्रतिवादी निर्मलादेवीले पूर्व रिसइवीको कारणले मृतकलाई मार्ने योजना बनाई भाडामा मार्ने मानिस खोजी अजितकुमार मिश्रको हत्या गर्न लगाएको र वारदातको समयमा प्रतिवादी शशिनाथ झा उपस्थित भई मृतकको खुट्टा समाएको देखिन आएकोले प्रतिवादी निर्मलादेवी मिश्र र निजका भाई प्रतिवादी शशिनाथ झाको कर्तव्यबाट मृतक अजितकुमारको मृत्यु भएको देखिने ।

मृतकलाई मार्ने षड्यन्त्र र योजनामा सामेल भई वारादातपूर्वको मतियारको रूपमा प्रतिवादी निर्मलादेवी र प्रतिवादी शशिनाथ झालाई मृतकलाई मार्ने आपराधिक मतियारको कार्यको लागि सहयोग गरेको देखिन आएको अवस्थामा प्रतिवादीहरू रविनाथ झा, अमरसिँह राजपुत, विश्वनाथ झा र ऐलुन राईनले अजितकुमार मिश्रलाई मार्ने आपराधिक कार्य घटाउन मतसल्लाहमा पसी प्रतिवादी निर्मलादेवी मिश्र र शशिनाथ झालाई सहयोग गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिने हुँदा निर्मलादेवी मिश्र र प्रतिवादी शशिनाथ झालाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद गर्ने र अन्य प्रतिवादीहरू विश्वनाथ झा, रविनाथ झा, अमरसिँह राजपुत र ऐलुन राइनलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही तीन वर्ष कैद हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल मंसिर ७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CR-०६१९, ०८६४, कर्तव्य ज्यान, *बलदेव पाण्डे वि. नेपाल सरकार, हरिदत्त जोशी वि. नेपाल सरकार*

घरबाट सामान लिन जाँदा बाटोमा सामानको विषयमा विवाद परी रिसले ठूलो ढुङ्गाले हान्दा भीरबाट लडी मृतकको मृत्यु भएको भनी लेखाएको देखिए पनि वारदातस्थलमा मृतक हरूदेवीको कोठा घर आँगनमा नै भएको पुष्टि हुन आएको छ । पीडितले यी प्रतिवादीलाई उत्तेजनामा ल्याउने गरी कुनै कार्य गरेको मिसिल संलग्न प्रमाणबाट पुष्टि हुँदैन । मृतकको निधारमा जोखिमी हतियार प्रयोग भएको देखिएको भन्ने लास जाँच मुचुल्काबाट देखिएको छ । यस्तो अवस्थामा मृतकको मृत्यु अत्याधिक आवेशको परिस्थितिमा भएको भन्न नमिल्ने ।

आफ्नो भिनाजु बलदेव पाण्डेसँग पहिलेदेखि नै छलफल गरी योजना बनाएको भिनाजुलाई टेलिफोन गरी बोलाई साथै लिई गएको, बाटामा रक्सी समेत सेवन गरी रातको करीव ११ बजेको समयमा जेठी श्रीमतीको कोठामा गई निजलाई सामान लिनु भनी बाहिर बोलाई, कोठा भित्रबाट जेठी श्रीमतीलाई प्रहार गर्ने भनी बन्चरो लिई आएको र अर्का प्रतिवादीको समेत सहयोग लिई सोही बन्चरोले निधार जस्तो संवेदनशील भागमा पटक-पटक हानी हत्या गरेको देखिएको हुँदा निजको कार्य मृतकलाई मार्ने पूर्व योजनासहितको मनसायपूर्वक गरिएको आपराधिक कार्य भएको पुष्टि हुने ।

अपराधमा संलग्न व्यक्तिहरूमध्ये को मुख्य र को सहायक अपराधी हो भनी छुट्याउने प्रमुख आधार उनीहरूले आपराधिक घटना घटाउनको लागि गरेको कार्य नै हो । जसको कार्य फौजदारी कानूनले अपराधको रूपमा परिभाषित गरेको हुन्छ सो व्यक्ति प्रमुख अपराधी (Principal Offender) को रूपमा नै दायित्वाधिन हुन्छ । फौजदारी कानूनले निषेधित अपराध भनी परिभाषित गरेको कुनै कार्य, जो प्रमुख अपराधीले गरेको आपराधिक कार्य घटाउनका लागि सहयोगी बन्दछ, त्यस्तो कार्यलाई सहयोगी कार्य र सो कार्य गर्ने व्यक्तिलाई मतियार वा सहयोगीको रूपमा लिनुपर्ने ।

कुनै वारदातमा एकभन्दा बढी अपराधीहरूको संलग्नता भएको भन्ने मात्र आधारमा एक वा केही मुख्य र बाँकी सहयोगी हुनुपर्छ भन्ने हुँदैन । आपराधिक कार्यमा संलग्न व्यक्तिहरू मुख्य वा सहयोगी कुन आपराधिक दायित्वका लागि जिम्मेवार हुन्छन् भन्ने कुरा उनीहरूले मनसायपूर्वक गरेको आपराधिक कार्य (Actus Reus) ले निर्धारण गर्दछ । कुनै निश्चित् मानव कार्य वा व्यवहारलाई अपराध भनी फौजदारी कानूनले परिभाषित गरेको अवस्थामा एकभन्दा बढी व्यक्तिले साथै सो कार्य गरेमा दुबै मुख्य अपराधी हुनसक्ने ।

कर्तव्यबाट मृतक हरूदेवी जोशीको मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादी हरिदत्त जोशीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद र प्रतिवादी बलदेव पाण्डेयलाई ऐ. १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६८ साल मंसिर ७ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-WO-०९६५, उत्प्रेषणयुक्त परमादेश, *पवनकुमार श्रेष्ठ वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

निजामती सेवा नियमावली, २०५० मा मिति २०६४।८।२० मा भएको सातौं संशोधनद्वारा थप गरिएको नियम ८९ख(१) मा कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पहिले बढुवा भएको निजामती कर्मचारीको बढुवा कायम नहुने भएमा र पहिलेको बढुवा र बढुवा बदर हुने गरी अदालतबाट फैसला भएको मितिका बीचमा अर्को विज्ञापन भएको रहेछ र त्यसरी बढुवा बदर भएको निजामती कर्मचारी उक्त विज्ञापनमा बढुवा हुने अवस्था रहेछ भने त्यसरी बढुवा बदर हुँदा विस्थापित हुने निजामती कर्मचारीलाई रिक्त पद भएमा रिक्त पदमा र पद रिक्त नभए पछि रिक्त हुने सम्बन्धित सेवा, समूहको पदमा मिलान हुने गरी बढुवा नियुक्ति दिइनेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यी निवेदकले आफू प्रथम श्रेणीमा बढुवा हुनुपर्ने भनी प्रस्तुत रिट निवेदन दिएको देखिएको छ । प्रथम श्रेणीमा बढुवा भई पदस्थापना भइसकेको अवस्थामा पछि अदालतको आदेशले उक्त बढुवा बदर भएको कारणले बीचको अवधिमा अर्को विज्ञापन भएको र निजले प्रतिस्पर्धामा सामेल हुन नपाएको भन्ने अवस्था देखिन नआउँदा निजको हकमा निजामती सेवा नियमावली, २०५० को नियम ८९ख को कानूनी व्यवस्था आकर्षित हुने अवस्था नदेखिँदा यी निवेदकले उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरेको लोक सेवा आयोगको मिति २०६४।१२।१८ को निर्णय कानूनसम्मत नै देखिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६८ साल पुस ७ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-CI-०९६४, अंश दर्ता चलन, *मु.स. गर्ने विन्ध्याचल देवी वि. बिसुनदेव राय यादव समेत*

प्रस्तुत मुद्दाका वादी तथा प्रतिवादीहरू दुबैलाई प्रतिवादी बनाई अंश दावी गरी फिराद दायर गरेकोमा रौतहट जिल्ला अदालतबाट फिराद दावीबमोजिम अंश हक कायम हुने ठहर भएकोमा यी वादीले पुनरावेदन नगरी चित्त बुझाई बसेको देखिन्छ । यी वादीले निजहरूलाई अंशियार स्वीकारै गरेको र वादी प्रतिवादी तथा निजहरूका पुर्खाहरूका बीच नेपालमा रहेको सम्पत्तिमा रीतपूर्वक बण्डा भएको नदेखिएको अवस्थामा स्व. रामवृक्ष यादव, सुरत राय यादव र लखन राय यादवका बीच बराबर हक पुग्ने हुँदा निजहरूका सन्तति यी वादी प्रतिवादीहरू बीचमा सोहीअनुसार अंश हक कायम हुने देखियो । जसअनुसार रामवृक्षको हाँगातर्फ एक भाग सुरत राय यादवको हाँगातर्फ १ भाग, लखन राय यादवका हाँगातर्फका सन्ततिहरूको १ भाग अंश कायम हुने देखियो । यी वादी किसुन यादवको मु.स. गर्ने विन्ध्याचलदेवी सुरत यादवको कान्छा छोरा मानकीको छोरा बुहारी र प्रतिवादीहरू सुरत यादवको जेठो छोरा देवन यादवका छोराहरू रहेको तथा सुरतका देवन, जनक र मानकी गरी तीन छोराहरू रहेकाले सुरतको हाँगातर्फका यी वादी प्रतिवादीबीच तायदातीमा उल्लिखित सम्पत्तिमध्ये ३ भागको एक भाग बण्डा हुने देखियो । त्यसो हुँदा सुरत राउतको हाँगातर्फ भाग लाग्ने एक भाग निजका छोराहरू तीन जनामा बराबर भाग लाग्ने भएकाले सोको एक भागमा यी वादीको अंश हक लाग्ने देखियो । अतः यी वादीले तायदातीमा उल्लिखित सम्पत्तिको ३ खण्डको १ खण्डलाई पुनः ३ खण्ड गरी सोको एक खण्ड अंश छुट्याई लिन पाउने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल पुस १३ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६५-CI-०२२५, अंश हक कायम, *मदनगोपाल राय यादव समेत वि.विसुनदेव राय यादव समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०२६४, उत्प्रेषणयुक्त परमादेश, *विन्ध्याचल देवी वि. कलाउती देवी समेत*

निवेदिकाले समेत अंश पाउने ठहर भएको जग्गा निजको मञ्जूरी बेगर लिएको ऋणमा निजको मञ्जूरी बेगर लिलाम गरेको देखिन आएकोले त्यस्तो लिलाम सदर कायम रहन सक्ने देखिन आएन । अतः निवेदन दावीबमोजिम रौतहट जिल्ला अदालतका तहसिलदारबाट भएको मिति २०६४।९।२९ का लिलामी कार्य, लिलामी मुचुल्का र मिति २०६४।१२।१ को तामेली पर्चालाई सदर गर्ने गरेको रौतहट जिल्ला अदालतको निर्णय सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६५।५।१३ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । साथै लगाउको अंश मुद्दाबाट निवेदकको कायम हुन आएको अंश हक भागको जग्गा बाहेकबाट मात्र कानूनबमोजिम बिगोसम्बन्धी कारवाही गर्नु भनी रौतहट जिल्ला अदालतका नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृत: अशोककुमार बस्नेत

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०६८ साल पुस १३ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६३ सालको रिट नं. ११९८, उत्प्रेषणयुक्त परमादेश, *विन्ध्याचल देवी वि.विसुनदेव राय यादव समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०६२३, अंश हक कायम, *राजसुन्दर देवी वि. रामाशंकर सिंह भूमिहार*

वादीले फिरादमा दावी लिएका जग्गाहरू यिनै पुनरावेदक र प्रत्यर्थी समेतका बीचमा चलेको अंश मुद्दामा सर्वोच्च अदालतमा मिति २०४४।३।७ मा भएको मिलापत्रबाट अवण्डा अवस्थामा नै रहेको तथ्य निर्विवाद भएको वादीले उक्त जग्गामा रहेको तथ्य निर्विवाद भएको वादीले उक्त जग्गामा रहेको आफ्नो अंशसम्बन्धी हक छाडेको लिखत प्रमाणको अभावमा केवल मृतक व्यक्तिको नामबाट प्रतिवादीको नाममा नामसारीसम्म गर्नको लागि गरिदिएको सनाखत मञ्जूरीकै आधारमा दावीका जग्गाहरूबाट वादीले आफ्नो अंश हक नै छाडेको अर्थ गर्न नमिल्ने हुँदा उक्त जग्गाहरूमा वादीको अंशहक विस्थापित हुन नसक्ने भई वादीको हकसम्ममा अंशको दावी पुग्ने ।

फिराद पत्रमा कि.नं. ७ का सम्बन्धमा वादीको दावी नभएको र शुरू जिल्ला अदालतको फैसलामा समेत कि.नं. ७ को सम्बन्धमा उल्लेख नभएको एवं उक्त कि.नं. ७ मा दावी पुग्ने ठहर भएको पनि देखिँदैन । सो सम्बन्धमा वादीको पुनरावेदन जिकीर नभए पनि पुनरावेदन अदालत हेटौंडाबाट कि.नं. १ देखि ८ सम्मका जग्गामा वादीको अंशहक ठहर भएको देखिन्छ । कि.नं. ७ का जग्गा सम्बन्धमा वादी दावी नभए पनि पुनरावेदन अदालतबाट सो कित्तामा समेत दावी पुग्ने ठहर भएको कुरालाई कानूनसम्मत् भन्न नमिल्ने ।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको रिट निवेदन नं. ०६८-WH-००४९, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ, *हकमा राजकुमार ह्योङ्जु वि. महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी समेत*

कुनै पनि पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको कारणसहितको सूचनाको पक्राउ पूर्जी एवं थुनुवा पूर्जी दिई थुनामा राख्नुपर्ने र बाटाका म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीको आदेशले मात्र थुनामा राख्न सकिने संवैधानिक प्रावधानबमोजिम यी निवेदक जितेन्द्र ह्योङ्जु श्रेष्ठलाई पक्राउ परेकै मिति २०६८।९।१० मा पक्राउ पूर्जी एवं थुनुवा पूर्जी दिइएको र २४ घण्टाभित्रै मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई थप समय हिरासतमा राख्न अनुमति समेत लिएको देखिँदा निवेदकको निवेदनपत्र आधारहीन देखियो । रिट निवेदक जितेन्द्र ह्योङ्जु श्रेष्ठलाई संवैधानिक एवं कानूनी प्रक्रिया अनुरूप कर्तव्य ज्यान मुद्दामा कानूनबमोजिमको अनुसन्धानको लागि मुद्दा हेर्ने अधिकारीको अनुमति लिई विधिवत्

रूपमा प्रहरी कार्यालयमै हिरासतमा राखेको अवस्थामा रिट निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०६८ साल माघ २ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६२ सालको दे.पु.नं. ८३९२, ठेक्का बदर, मु.स. गर्ने *अन्जनीकुमार खिडहरि समेत वि. सर्लाही जिल्ला भाडसर गा.वि.स.कार्यालय, भाँडसर सर्लाही*

सर्वोच्च अदालतको पूर्व फैसलाबमोजिम शुरू जिल्ला अदालतबाट बुझ्न छुटाएको जग्गा दर्तावाला नेपाल सरकारलगायतका बुझ्नुपर्ने आवश्यक प्रमाण बुझी विवादित पोखरी जग्गा वादीहरूको हकभोगमा रहे नरहेको साथै ठेक्का बदर हुने हो होइन ? सो तर्फ पुनरावेदन अदालतको फैसलामा उल्लेख गरेको नपाइँदा सर्वोच्च अदालतबाट भएको मिति २०५९।३।२८ को फैसलाबमोजिम अदालती बन्दोबस्तको १८४क नं. अनुसार जग्गा दर्तावाला नेपाल सरकारलाई बुझ्नुपर्नेमा नबुझी लगाउको मुद्दा खारेज भई पोखरीमा वादीहरूको हकदैया स्थापित नभएको भनी फिराद खारेज गरी पनरावेदन अदालत जनकपुरबाट मिति २०६२।२।१५ मा गरेको फैसलामा प्रमाण मूल्याङ्कनको परिप्रेक्ष्यमा त्रुटि भई मिलेको नदेखिँदा बदर हुने ।

सर्वोच्च अदालतको पूर्व फैसलाबमोजिम न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ख)र  १४(ग) का आधारमा पुनरावेदन अदालतले आफैंले जो जे बुझ्नु पर्ने प्रमाण बुझी ठहरेबमोजिम इन्साफ गर्नु भनी हाजिर रहेका पक्ष विपक्षीहरूलाई तारिख तोकी मिसिल पुनरावेदन अदालत जनकपुरमा पठाई दिने ।

इजलास अधिकृतः महेन्द्र पोखरेल

कम्प्युटरः धनबहादुर गुरूङ

इति संवत् २०६८ साल माघ ९ गते रोज २ शुभम् ।यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६२ सालको दे.पु.नं. ८३८९, ८३९०, दर्ता बदर, *मु.स. गर्ने अन्जनीकुमार खिडहरी समेत वि. मालपोत कार्यालय, सर्लाही समेत, मायादेवी खिडहरी वि. मालपोत कार्यालय, सर्लाही समेत*
- २०६२ सालको दे.पु.नं. ८३९१, पोखरी जग्गा खिचोला चलन, *मु.स. गर्ने अन्जनीकुमार खिडहरि समेत वि.गा.वि.स. कार्यालय, भाडसर सर्लाही समेत*
- २०६८ सालको दे.पु.नं. ०६७-CI-१३६४, छूट जग्गा दर्ता गरिपाऊँ, *मु.स. गर्ने देवकुमारी खिडहरी समेत वि.मालपोत कार्यालय,सर्लाही मलंगवा*

## इजलास नं. १०

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको रिट नं. ०२४३, उत्प्रेषण, *श्रीरूप हाइड्रोपावर प्रा.लि.का तर्फबाट अख्तियार प्राप्त ऐ.का सञ्चालक समितिका अध्यक्ष ओमबहादुर गुरुङ वि. जलस्रोत मन्त्रालय समेत*

प्रस्तुत विवादमा रिट निवेदक प्रा.लि. ले नियम विपरीतको काम गरेको भन्ने नभई निवेदकले पेश गरेका प्रतिवेदनहरू आयोजनाको कार्यतालिकामा आधारित नहुनुको साथै गुणात्मक र सन्तोषजनक नरहेको भन्नेसम्म देखिन्छ, जुन कुरा निवेदक स्वयंले पनि रिट निवेदनमा स्वीकार गरेकै अवस्था रहेको  छ । यसरी विद्युत विकास ऐन र नियममा उल्लिखित कुराहरूको विपरीत काम गरेको अवस्थामा लागू हुने कानूनी व्यवस्था प्रस्तुत विवादमा सान्दर्भिक रहेको नदेखिने ।

विलम्बको सिद्धान्त हदम्याद जस्तो कठोर प्रकृतिको सीमाङ्कनको सिद्धान्त होइन, यसमा दिन गन्ती गरी समयसीमा निर्धारण गरिने हुँदैन । आफ्नो हक अधिकारको खोजी गर्नु प्रत्येक व्यक्तिको कर्तव्य नै हो । यसरी हक अधिकारको खोजी गर्ने क्रममा अनुचित विलम्ब गरिएको छैन भने केवल बिलम्बको सिद्धान्तको आधारमा यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोगमा बन्देज लगाउन मिल्ने  हुँदैन । त्यसो हुँदा मुद्दाको प्रकृति, पक्षको आचरण, निर्णयको प्रकृति र तेस्रो पक्षको हकको सिर्जना भए नभएको स्थिति जस्ता कुराहरूलाई समेत मध्यनजर गरी बिलम्बको सिद्धान्तको प्रयोग गर्नुपर्ने  हुन्छ । विवाद भएको विषयमा कुनै तेस्रो पक्षको हक सिर्जित भइसकेको अवस्थामा भने सो विषयमा परेको रिटको समयावधि विचारणीय हुन्छ । तेस्रो पक्षको हक सिर्जित भएको अवस्थामा

समयमै निवेदन नआई अनावश्यक बिलम्ब गरेको अवस्थामा भने बिलम्बको सिद्धान्त आकृष्ट हुन सक्ने ।

प्रस्तुत विवादमा तेस्रो पक्षको हक सिर्जित भइसकेको अवस्था नहुँदा अनुचित विलम्ब भएको अवस्था नरहने ।

निवेदकले अनुमति माग्दाको अवस्थामा नै द्वन्द्वको अवस्था देशमा रहेको थियो । त्यस अवस्थाको जानकारी निवेदकलाई भएको थिएन भन्न मिल्दैन । यसरी द्वन्द्वको अवस्था देशमा छ भनी निवेदकलाई थाहा जानकारी भई करार भएको र काम गरिएको तथा म्याद थपको लागि प्रयास भएको देखिन्छ । अब काम हुन नसकेपछि त्यस अवस्थालाई देखाई बहाना गर्न नमिल्ने ।

कम्पनीको बोर्डमा के निर्णय भयो वा भएन भन्ने तथ्यभन्दा पनि कम्पनीको कार्यकारी निर्देशकले धरौटी रकम फिर्ता माग गर्‍यो, गरेन र लियो लिएन भन्नेसम्म हो । कार्यकारी निर्देशकले विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्रको म्याद थप नभएपछि सोबापत राखिएको धरौटी फिर्ता माग गर्नु वा लिनुबाट अन्यथा प्रमाणित नभएसम्म सो कार्य कम्पनीले नै गरेको मान्नुपर्ने हुन्छ र त्यस्तो कार्यबाट म्याद नथप्ने मिति २०६५।२।५ को निर्णयलाई आचरणतः स्वीकारेको मान्नुपर्ने ।

मिति २०६०।१।२१ बाट मिति २०६२।५।२० सम्मको लागि सर्वेक्षण अनुमति प्राप्त गरेको निवेदकले सो अवधिभित्र कार्य सम्पन्न हुने व्यहोरा तत्काल राखेको, सो अनुरूप कार्य गर्न नसकेको तथ्य निवेदकले नै स्वीकार गरेको, समयावधि मिति २०६२।५।२० मा सकिएपछि तत्काल नै म्याद थप नगरिदिएकोमा सोतर्फ कुनै उजूरबाजुर गरी म्याद थप गराउन नसकेको र निवेदकले पाँच वर्ष पुग्न बाँकी समयमा अध्ययन कार्य पूरा हुनसक्ने कुनै विश्वसनीय आधार र कारण नभएको आधारमा म्याद थप नगर्ने निर्णय मिति २०६५।७।२४ मा भएपछि मात्र काम शुरू गरेको मिति २०६०।१।२१ बाट पाँच वर्षको समय भुक्तान भइसकेपछि मिति २०६५।७।२४ मा प्रस्तुत रिट निवेदन दायर गर्नुको अतिरिक्त म्याद थप नभएपछि सो बापत राखेको धरौट रकम फिर्ता लिई आचरणतः निर्णयलाई स्वीकार गरेको स्थिति समेतबाट निवेदकको निवेदन मागबमोजिम आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

इति संवत् २०६८ साल चैत १३ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको फौ.पु.नं. ०६५-CR-०२९३, २०६७ सालको फौ.पु.नं. ०६७-CR-०४०८, लागू औषध खैरो हेरोइन *नेपाल सरकार वि. श्याम शाह समेत, राम एकवाल यादव वि. नेपाल सरकार*

केवल प्रतिवादीले अदालतसमक्ष बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष गरको बयान आफ्नो स्वइच्छा विरूद्धको भनी कसूरमा इन्कार रही बयान गर्दैमा संकलित सबूत प्रमाण र घटनाको कडीबाट यी प्रतिवादीले नै आरोपित कसूर गरेको पुष्टि भइरहेको हुँदा निज प्रतिवादीको अदालतसमक्ष भएको बयान विश्वासनीय देखिएन । साथै निजले आरोपित कसूर गरेको होइन भनी कुनै तथ्ययुक्त आधार प्रमाण प्रस्तुत गर्न सकेको समेत मिसिलबाट नदेखिएबाट प्रतिवादी राम एकवाल यादवलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) को कसूरमा दफा १४ (१) को (छ)(२) बमोजिम एघार वर्ष कैद र एकलाख रूपैया जरीवाना र अन्य प्रतिवादी श्याम शाह र त्रिलोक राउतलाई अभियोग दावीबाट सफाइ दिने ठहर्‍याएको शुरू काठमाडौं जिल्ला अदालतको मिति २०६४।२।२० को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।३।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०६८ साल चैत १ गते रोज ४ शुभम् ।

## आदेश

१

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** प्रतिवेदन नं.०६८-RE-०१०८, मानव बेचबिखन तथा ओसारपसार समेत, *जीवछप्रसाद यादव वि. नेपाल सरकार*

अ.वं. १९४ नं. को कानूनी व्यवस्थाअनुसार प्रदान गरिने सुविधाका सम्बन्धमा यस अदालतका फरक-फरक इजलासबाट फरक-फरक व्याख्या भई सो कानूनी व्यवस्थाको प्रयोग र व्याख्यामा जटिलता देखिएको भन्दै प्रस्तुत प्रतिवेदन लगायतका लगाउका अन्य प्रतिवेदनहरू समेतमा सो कानूनी व्यवस्था अनुसारको सुविधाका सम्बन्धमा एकरुपता कायम हुन उपयुक्त देखिएको भन्दै यस इजलाससमक्ष पेश गर्ने आदेश भएको देखियो ।

पुनरावेदनको हक कानूनी हक हो। संविधानले प्रत्येक व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक प्रदान गरेको छ। पुनरावेदनको कानूनी हक पनि सोही न्यायिक प्रक्रियाको एक अङ्ग भएकोले प्रचलित कानूनी प्रक्रिया अनुरुप यसको प्रयोग गर्नुपर्ने हुन्छ। अन्य विशेष ऐनहरूले तथा न्याय प्रशासन ऐन, २०४८ ले समेत पुनरावेदनको हक प्रदान गरेको पाईन्छ। सोही ऐनको दफा ९ ले सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको छ। यसरी कानूनले प्रदान गरेको पुनरावेदनको हकलाई कार्यान्वयन गर्ने प्रयोजनको लागि प्रक्रियागत व्यवस्था अदालती वन्दोवस्तको १९३, १९४ र १९५ नं. ले गरेका छन्। त्यसमा पनि फैसला गर्ने अड्डाले कसूरदार ठहऱ्याएको व्यक्तिले कैदको सजाय पाए पनि फैसलाअनुसार कैदमा नबसी पुनरावेदन गर्ने म्यादसम्म वा पुनरावेदन किनारा नहुन्जेलसम्म धरौट राखेर वा जमानी दिएर पुनरावेदन गर्न पाउने सुविधाको व्यवस्था र सो सुविधा कस्तो अवस्थाका व्यक्तिलाई प्रदान गर्नुपर्ने हो, सो सम्बन्धी प्रक्रियाको निर्धारण पनि अ.वं. १९४ नं. ले गरेको छ। यसरी कुनै पनि व्यक्तिले पुनरावेदन गर्न पाउने कानूनी हकको प्रयोग गर्दा निर्धारित प्रक्रिया र कार्यविधि अनुरुप गर्नुपर्ने हुन्छ। पुनरावेदनको हक कानूनी हक भएपनि त्यसको प्रयोगको विधि पनि कानूनले नै निर्धारित गरेकोले सो विधिलाई अनिवार्य रुपले पालना गर्नुपर्ने हुन्छ। एकातिर आफूखुशी निरपेक्ष ढंगले पुनरावेदनको हक प्रयोग गर्न पाइने होइन भने अर्कोतिर पुनरावेदनको उद्देश्य नै पराजित हुने गरी अदालतले सम्बन्धित कानूनी प्रावधानको प्रयोग गर्ने पनि होइन।

प्रस्तुत प्रतिवेदनहरूमा एक न्यायाधीशको इजलासबाट भएको आदेश हेर्दा अ.वं. १९४ नं. को कानूनी व्यवस्थाको प्रयोगको सम्बन्धमा मूलतः देहायका प्रश्नहरू समावेश भई ती प्रश्नहरूको सन्दर्भमा निरोपण गर्नुपर्ने देखिन आयो -

१) शुरु तहमा धरौट वा जमानत दिएर वा साधारण तारेखमा वसेको व्यक्तिले शुरुवाट सफाइ पाएको तर पुनरावेदन तहबाट कसूरदार ठहर भएकोमा त्यस्तो व्यक्तिले अ.वं. १९४ नं. को सुविधा पाउने हो वा होइन ?

२) कुनै विषय ऐनको कुनै खास दफाअनुसार (उदाहरणको लागि मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ८ अनुसार) शुरु तहमा पूर्पक्षको लागि थुनामा रहेकोमा उक्त दफा सर्वोच्च अदालतको निर्णयले अमान्य र बदर घोषित भइसकेपछि पनि त्यस्तो व्यक्ति पूर्पक्षको लागि थुनामा वसेको मान्ने हो वा होइन ?

३) पूर्पक्षका लागि शुरु अदालतमा थुनामा बसेपनि सो अदालतबाट सफाई पाएको प्रतिवादीलाई पुनरावेदन अदालतबाट कैद समेतको सजाय हुने ठहरेमा त्यस्तो व्यक्तिले अ.वं. १९४ नं. को सुविधा पाउने हो वा होइन ?

४) शुरु तहमा पूर्पक्षको लागि धरौट वा तारेखमा वसेकोमा शुरुको सो आदेश पुनरावेदन अदालतबाट बदर भई निजलाई पूर्पक्षको लागि थुनामा राख्ने आदेश भएको तर सो आदेशको कार्यान्वयन नभई शुरु तहबाट त्यस्तो व्यक्तिले सफाइ पाएको र पछि पुनरावेदन अदालतबाट निजलाई कसूरदार ठहर गरी फैसला भएमा त्यस्तो व्यक्तिले अ.वं. १९४ नं. को सुविधा पाउने हो वा होइन ?

५) शुरु तहमा फरार रहेको तर फैसला हुँदा सफाई पाएको व्यक्तिउपर परेको पुनरावेदनमा त्यस्तो व्यक्ति कसूरदार ठहरिएकोमा निजले अ.वं. १९४ नं. को सुविधा पाउने हो वा होइन ?

उल्लिखित सबै प्रश्नहरू अ.वं. १९४ नं. को कानूनी व्यवस्थाबमोजिम पुनरावेदन सुन्ने तहको अदालतले प्रदान गर्ने सुविधासँग अन्तरसम्बन्धित रहेको देखिँदा सो अ.वं. १९४ नं. को देहाय (२) को कानूनी व्यवस्थाको उल्लेख गर्नु वाञ्छनीय देखिन्छ, जुन यस प्रकार छ :- पुनरावेदन सुन्ने अड्डाले भए पुनरावेदन गर्ने म्यादसम्मलाई र पुनरावेदन दर्ता भएकोमा किनारा नभएसम्मलाई बढीमा १० वर्षसम्म कैदको सजाय भएकोमा र पूर्पक्षको लागि थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नवसेको भएमा धरौट वा जमानीमा छाड्न सक्नेछ।

उपर्युक्त कानूनी व्यवस्था हेर्दा ऐनको भाषा र त्यसमा प्रयुक्त शब्दावली स्पष्ट रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार दुई अलग-अलग अवस्थाका प्रतिवादीलाई यस अदालतमा पुनरावेदन गर्ने प्रयोजनको लागि वा पुनरावेदन विचाराधीन रहँदाको अवधिभर धरौट वा जमानीमा छाड्न सक्ने देखिन्छ। ती अवस्थाहरू निम्न छन्:-

(क) पूर्पक्षको लागि थुनामा वस्नु नपर्ने अवस्थाका मुद्दाको प्रतिवादी र

(ख) थुनामा नवसेको मुद्दाका प्रतिवादी ।

उपर्युक्त मध्ये पहिलो अवस्थाका सम्बन्धमा कुनै जटिलता वा विवादको स्थिति देखिँदैन । अदालती वन्दोवस्तको ११८ नं. ले पूर्पक्षका लागि थुनामा राख्नु पर्ने भनी निर्दिष्ट गरेको अवस्थाहरू र कुनै विशेष ऐनअनुसार पूर्पक्षको लागि थुनामा राख्नु पर्ने बाहेकका मुद्दाका प्रतिवादीलाई थुनामा वस्नु नपर्ने भएकोले त्यस्तो मुद्दा थुनामा वस्नु नपर्ने श्रेणीभित्र परेको देखिन्छ ।

त्यस्तो मुद्दाको प्रतिवादीले पुनरावेदन अदालतबाट कसूरदार ठहरी जरिवाना वा कैदको सजाय भएपनि यस अदालतले त्यस्तो व्यक्तिबाट कैद वा जरिवाना वा दुवै बापत धरौट वा जमानत लिई शुरुको पुनरावेदनमा सुनवाई गर्नुपर्ने हुन्छ । सो बाहेक अ.वं. ११८ नं. का विभिन्न अवस्था र अन्य विशेष ऐनले पूर्पक्षका लागि थुनामा राख्नु पर्ने भनी गरेको कानूनी व्यवस्था अन्तर्गतका मुद्दाहरूलाई थुनामा वस्नु पर्ने तर शुरु अदालतको आदेशले पूर्पक्षको लागि थुनामा नवसी धरौट, जमानत वा साधारण तारेखमा वसेकाहरूको हकमा अ.वं. १९४ नं. को देहाय (२) आकर्षित हुने देखिन्छ । कानूनले पूर्पक्षका लागि थुनामा बस्नु पर्नेको हकमा मात्र फैसलाले कैद सजाय भएकोमा धरौट वा जमानत लिई पुनरावेदन गर्न दिने वा नदिने भन्ने प्रश्न उठेको हुन्छ । यसरी कानूनले पूर्पक्षको लागि थुनामा बस्नुपर्ने तर थुनामा नवसेको हकमा अ.वं. १९४ नं. को उपरोक्त सुविधा प्रदान गर्न मिल्ने ऐनको व्यवस्था रहेको पाइन्छ । थुनामा नबसेको भन्ने शब्दावलीको अर्थ अदालतको आदेशलाई वेवास्ता गरेर वा छलेर थुनामा नवसेको भन्ने होइन । अपितु अदालतको आदेशानुसार थुनामा नबसी सोको सट्टा धरौट वा जमानत दिएर बसेको वा साधारण तारेखमा बसेकोलाई मात्र थुनामा नबसेको श्रेणीभित्र राख्न सकिने हुन्छ । अदालती वन्दोवस्तको १९४ नं. को देहाय २ एउटा सामान्य कानूनी व्यवस्था हो । यसको प्रयोग गरी कुनै व्यक्तिबाट धरौट वा जमानत लिई पुनरावेदन गर्ने अनुमति प्रदान गरेको भएपनि अड्डाले न्यायको रोहबाट पुनरावेदकलाई थुनामा राखी पुनरावेदन सुन्न पर्ने देखेमा सो बमोजिम गर्न कुनै वाधा हुने छैन भन्ने अ.वं. १९४ नं. को देहाय ४ ले व्यवस्था गरेको छ । यसलाई अ.वं. १९४ को देहाय २ को अपवाद वा विशेष व्यवस्थाको रुपमा लिन सकिन्छ । यसले अदालतलाई यस सम्बन्धमा थप स्वविवेक प्रयोग गर्ने अवसर र अधिकार प्रदान गरेको छ ।

यसप्रकार अ.वं. १९४ नं. को कानूनी व्यवस्थाको समग्र बनावट र त्यसको प्रयोजनालाई हेर्दा प्रत्येक मुद्दाको प्रक्रियागत तथ्य र शुरु तहमा कारवाहीको स्थितिलाई विचार गरी सोही आधारमा अ.वं. १९४ नं. को देहाय (२) अनुसारको सुविधा प्रदान गर्ने वा नगर्ने भनी निर्णय गर्नुपर्ने हुन्छ । यो मूलतः मुद्दाको कारवाही अथवा पुनरावेदन दर्ता प्रक्रियासँग सम्बन्धित भएकोले ऐनले गरेको व्यवस्थाको अधिनमा रही प्रत्येक मुद्दाको तथ्य र परिस्थितिको आधारमा कार्यविधिगत आदेश गर्नुपर्ने हुन्छ । यस्तो प्रक्रियागत प्रारम्भिक आदेश गर्ने अधिकार सर्वोच्च अदालत नियमवाली, २०४९ को नियम १५(१) (घ) बमोजिम रजिष्ट्रारलाई रहेको र निजको आदेशउपर परेको निवेदन वा प्रतिवेदनमा अन्तिम आदेश गर्ने अधिकार सोही नियमावलीको नियम ७(घ) ले एक न्यायाधीशको इजलासलाई प्रदान गरेको देखिन्छ ।

एउटा विवादित विषयवस्तुमा छलफल भई अदालतको अन्तिम फैसलाबाट नजीर वा कानूनी सिद्धान्त बन्दछ । त्यस्तै प्रकृतिको वा सोही विषयवस्तु समावेश भएको अर्को कुनै मुद्दामा पनि समान निर्णयको अपेक्षा गरिएकोले समान प्रकृतिको विवादको निरोपणको लागि नजीरको सिद्धान्त आकर्षित हुने गर्दछ । यसरी न्यायिक अनुशासन र न्यायिक मापदण्ड कायम राख्न नजीरको सिद्धान्तलाई अंगिकार गरिएको हो । तर मुद्दाका अन्तरकालीन आदेशहरूमा कुनै एक मुद्दामा भएको आदेश उस्तै अन्य सबै मुद्दामा समान रुपले लागू हुनुपर्ने बाध्यता हुँदैन । जहाँसम्म पुनरावेदन दर्तासम्बन्धी कुरा छ त्यसमा पनि फरक अवस्थामा फरक ढंगको कार्यविधि अनुशरण गर्न सकिने अवस्था हुन्छ । त्यसैले मुद्दाको निर्णय गर्दाको अवस्थामा लागू हुने नजीरको सिद्धान्त जस्तै गरी कार्यविधि सम्बन्धमा नजीरको पालना र प्रयोग हुने अवस्था रहँदैन । त्यसैले यस्तो कार्यविधिगत कुरामा मुद्दैपिच्छे पूर्ण इजलासले नै बोली रहनु उपयुक्त र आवश्यक देखिन आउँदैन ।

पुनरावेदन दर्ता गर्ने प्रयोजनको लागि पुनरावेदन तहको अदालतबाट गरिने प्रक्रियागत आदेशको सन्दर्भमा

अ.वं. १९४ नं. को देहाय (२) ले पूर्पक्षको निमित्त थुनामा बस्न नपर्ने मुद्दामा वा थुनामा नवसेको भएमा धरौट वा जमानीमा छाड्न सक्ने भनी स्वविवेकीय अधिकार प्रदान गरेको छ। यस्तो स्वविवेकीय अधिकारबाट आदेश हुने विषयमा सबै मुद्दामा एकै किसिमको आदेश हुन सक्ने भन्ने पनि होइन र त्यसो गर्नु सो कानूनी व्यवस्थाको मनसाय अनुकूल पनि हुँदैन।

यस सन्दर्भमा ऐनमा प्रयुक्त पूर्पक्ष भन्ने शव्दको हकमा पनि स्पष्ट हुनु जरुरी देखिन्छ। पूर्पक्ष भनेको विवादित प्रश्न, आरोप वा दावीको सन्दर्भमा तथ्य र सवूद प्रमाणहरूको संकलन र तिनको मूल्याङ्कनका क्रममा दुवै पक्षको उपस्थितिमा गरिने पूर्पक्ष (Trial) हो। यस्तो पूर्पक्ष मुद्दाको प्रारम्भिक सुनुवाईको चरणमा गरिने हुँदा यो शुरु तहको अदालतमा हुने न्यायिक प्रक्रिया हो। पुनरावेदन तहमा पूर्पक्ष हुँदैन। पुनरावेदन तहको कारवाहीलाई पनि पूर्पक्षको संज्ञा दिन मिल्ने हुँदैन। त्यसकारण पहिलो तहको पुनरावेदनको सुनुवाईको दौरान तल्लो तहको फैसलाअनुसार जेलमा वसेको छ भने उसलाई थुनामा बसेको भन्न मिल्दैन। त्यस्तै तारेख वा धरौट, जमानीमा बाहिर रहनु भनेको पुनरावेदन सुनुवाई हुँदासम्म तल्लो तहको फैसला कार्यान्वयन नहुनु हो। यस्तो स्थितिमा पुनरावेदन तहमा पुनरावेदनको सुनुवाई हुने अवधिमा पहिलाको फैसलाअनुसार कारागारमा बस्नु वा धरौट वा जमानत दिएर पुनरावेदन सुनुवाई हुँदासम्म तारेखमा बस्ने कारवाहीलाई पुर्पक्षको कारवाहीको संज्ञा दिन मिल्दैन।

माथि उल्लेख गरिए अनुरुप अ.वं. १९४ नं. को सुविधाको विषयमा सैद्धान्तिक एवं कानूनी विषयमा स्पष्टता पछि अब माथि उल्लिखित प्रश्नहरूको निरोपणको सम्बन्धमा मार्गदर्शन हुने गरी केही मापदण्डहरू उल्लेख गर्नु सान्दर्भिक हुन्छ। यस सन्दर्भमा पहिलो प्रश्नतर्फ विचार गर्दा अ.वं. १९४ को देहाय २ अनुसार शुरु तहमा पुर्पक्षका लागि साधारण तारेख वा धरौट, जमानी दिई तारेखमा बसेको व्यक्तिले शुरु तहबाट वा पुनरावेदन तहबाट कसूरदार ठहरे पनि यस अदालतमा अ.वं. १९४ को २ र देहाय ३ अनुसार धरौट वा जमानत दिई पुनरावेदन गर्न पाउने स्पष्ट कानूनी व्यवस्था छ। यसमा कुनै अस्पष्टता वा द्विविधा रहनु हुँदैन।

दोश्रो प्रश्नको सम्बन्धमा विचार गर्दा शुरु तहबाट कुनै विशेष ऐनको दफाको प्रयोग भई पुर्पक्षका लागि थुनामा बसेको छ भने अ.वं. १९४ (२) नं. को प्रयोजनका लागि त्यस्तो व्यक्तिलाई थुनामा बसेको नै मान्नुपर्ने हुन्छ। पछि सो दफा खारेज भए पनि कानूनबमोजिम अन्यथा आदेश भएमा बाहेक पूर्पक्षका लागि थुनामा बसेको मान्नुपर्ने हुन्छ। अर्थात् पुनः थुनछेक सम्बन्धमा अर्को आदेश भई धरौट जमानत वा साधारण तारेखमा बसेको अवस्था नभएमा तत्काल प्रचलित कानूनबमोजिम थुनामा वसेको मान्नुपर्ने हुन्छ।

त्यस्तै शुरु तहको फैसलाले सफाइ पाए पनि यदि पूर्पक्षको लागि थुनामा वसेको छ भने त्यस्तोलाई पूर्पक्षको लागि थुनामा नै वसेको मान्नुपर्ने हुन्छ। शुरु तहको अदालतको आदेशले धरौट वा जमानीमा बसेको भएपनि सो आदेश पुनरावेदन तहबाट बदर भई थुनामा राख्ने आदेश भएमा त्यस्तो व्यक्तिले आफूलाई अदालतसमक्ष समर्पण गर्नुपर्नेमा नगरी वसेमा त्यस्तो व्यक्तिलाई सामान्यतया थुनामा नवसेको मुद्दाको श्रेणीभित्र राख्न मिल्ने देखिँदैन। यस्ता व्यक्तिहरूको हकमा अ.वं. १९४ नं. को सुविधासम्बन्धी निवेदनमा विचार गर्दा त्यस्तो व्यक्ति जानाजानी माथिल्लो तहले थुनामा राख्ने गरी दिएको आदेश छलेर वा बेवास्ता गरेर थुनामा नबसेको हो वा होइन भन्ने तर्फ विश्लेषण गरी अ.वं. १९४(२) नं. को सुविधा दिने वा नदिने भनी निर्णय गर्नु आवश्यक हुन्छ। किनभने कुनै व्यक्ति तल्लो तहको आदेशले धरौट वा जमानी दिएर वा साधारण तारेखमा वसी रहेको छ भने अर्को पक्षबाट परेको अ.वं. १७ नं. को निवेदनमा धरौट जमानी वा तारेखमा वसिरहेको व्यक्तिलाई बुझ्दै नबुझी तल्लो तहको आदेश बदर भई माथिल्लो तहबाट थुनामा राख्ने गरी भएको आदेशको जानकारी त्यस्तो व्यक्तिलाई नहुँदै वा तल्लो तहको आदेश बदर गर्ने माथिल्लो अदालतको आदेशको जानकारी नहुने मनासिव कारण हुँदा हुँदै तल्लो तहबाट सफाइ पाउने ठहरी फैसला भएको अवस्थामा त्यस्तो व्यक्तिलाई वास्तवमा अ.वं. १९४ नं. को प्रयोजनका लागि थुनामा वसेको भनी मान्न मिल्ने हुँदैन। यसको विपरीत शुरुमा म्याद गुजारी फरार रहेको तर पछि शुरु तहबाट सफाइ पाएपनि त्यस्तोलाई थुनामा नवसेको भन्न मिल्ने हुँदैन। यस्तो व्यक्तिको हकमा शुद्ध रुपले First surrender then hear को सिद्धान्त पूर्ण रुपले लागू हुने देखिन्छ।

यिनै सैद्धान्तिक एवं कानूनी व्यवस्थाको अधिनमा रही अ.वं. १९४ नं. को सुविधा दिन मिल्ने वा नमिल्ने भन्ने

सम्बन्धमा प्रत्येक मुद्दाको प्रकृति, तथ्य र परिस्थिति समेतलाई विचार गरी अलग-अलग निर्णय गर्नु उपयुक्त हुने देखिन्छ। यस्तो विषयवस्तुलाई कुनै एउटै आधार वा सिद्धान्त स्थापित गरी हरेक प्रकारका मुद्दाहरूमा समान आधार देखाई गणितीय विधिले अ.वं. १९४ नं. को सुविधा दिन मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा आदेश गर्नु कानूनको दृष्टिमा न्यायपूर्ण नहुने देखिन्छ। सो विषयमा प्रथमतः पुनरावेदन दर्ता गर्ने अधिकारीले प्रचलित कानून र प्रत्येक मुद्दाको तथ्य र परिस्थितिको आधारमा निर्णय गर्नुपर्ने हुन्छ। पुनरावेदन दर्ता गर्ने अधिकारीको निर्णयमा चित्त नबुझेमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ७(घ) बमोजिम एक न्यायाधीशको इजलाससमक्ष पेश भई सो विषयमा सोही इजलासले प्रत्येक, मुद्दाको तथ्य र परिस्थिती समेतलाई विचार गरी सो सुविधा दिन मिल्ने हो वा होइन भन्ने बारेमा कानूनबमोजिम निर्णय गर्न सक्ने अवस्था विद्यमान रहेको हुँदा त्यस्तो स्वविवेकीय अधिकारको प्रयोगसम्बन्धी विषयलाई कुनै एउटै आधारमा निर्णय गर्ने गरी निर्देशित एवं सीमावद्ध गर्नु आवश्यक देखिएन। अलग-अलग मुद्दामा एक न्यायाधीशको इजलासले नै आदेश गर्न सक्ने कुरामा एकरुपताको नाममा एक न्यायाधीशको इजलासको अधिकारक्षेत्र ग्रहण गरी यस इजलासले बोलिरहनु उपयुक्त देखिएन। तसर्थ प्रस्तुत निवेदन निर्णयार्थ एक न्यायाधीशको इजलाससमक्ष पेश गर्नू।

इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको RE-०२७०, अपहरण तथा शरीर बन्धक उद्योग, *नेपाल सरकार वि. एकराज थापा मगर*

अ.बं. ११८ को देहाय ४ तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिए पनि पुर्पक्षको लागि धरौट तारिखमा राख्न सकिने कानूनी व्यवस्था हो। अ.बं. ११८ को देहाय २ अनुरूप थुनामा नरही देहाय ४ अनुरूप धरौट तारिखमा राख्दा सो देहायको ४ मा उल्लिखित अवस्थाको विद्यमानता देखिनु पर्ने हुन्छ। तर पुनरावेदन अदालतले आदेश गर्दा अ.बं. ११८ को देहाय ४ मा उल्लिखित के कुन आधार र अवस्थाबाट प्रतिवादीलाई तारिखमा राख्ने आदेश गरेको हो प्रष्ट खुलाइदिएको पाइएन। अ.बं. १८८ को देहाय ४ मा अभियुक्त नाबालक वा शारीरिक वा मानसिक रोग लागेको कारणबाट थुनामा राख्नु उपयुक्त हुने भनी अड्डाले ठहऱ्याएको व्यक्ति रहेछ भने अड्डाले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ। अपराध हुँदाको परिस्थिति, अभियुक्तको उमेर, निजको शारीरिक वा मानसिक अवस्था र पहिलेको आचरणलाई विचार गर्दा कुनै अभियुक्तलाई थुनामा राख्न उपयुक्त नदेखिएमा जन्मकैदको सजाय हुनसक्ने अपराध गरेको वा सो अपराधको उद्योग दुरूत्साहन वा आपराधिक षड्यन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अभियोग लागेको अभियुक्त बाहेक त्यस्तो अभियुक्तसँग अदालतले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ भन्ने व्यवस्था छ। उपरोक्तबमोजिम उल्लिखित विभिन्न स्थिति र अवस्थाका बारेमा पुनरावेदन अदालतले आफ्नो आदेशमा प्रष्ट खुलाएको देखिँदैन। ऐनले प्रष्ट किटान गरेको अवस्थामा सोहीबमोजिम र विभिन्न स्थिति र अवस्था हुन सक्ने रहेछ भने पनि विभिन्न स्थितिमध्ये कुन अवस्था र आधारमा तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने हो ? उल्लिखित प्रावधानहरूमध्ये कुनै एक मात्र आधारमा राखेको भए सो समेत प्रष्ट किटान हुन आवश्यक छ। अपराधमा पुर्पक्षको लागि थुनामा राख्दा वा तारिखमा राख्दा समेत खुलाउनु पर्ने प्रष्ट कारण र आधार नभएमा त्यस्तो आदेशको कानूनी मान्यता नभई त्रुटिपूर्ण हुन जाने हुँदा उपरोक्त कानूनी व्यवस्थाबमोजिम पुनरावेदन अदालतको आदेशमा नखुलेकोले पुनरावेदन अदालतबाट प्रतिवादी एकराज थापा मगरलाई अ.बं. ११८ को देहाय ४ बमोजिम रु.२,५०,०००।- रूपैयाँ (दुई लाख पचास हजार) धरौट वा जेथा जमानी लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरेको उक्त मिति २०६८।११।१२ को आदेश त्रुटिपूर्ण देखिएकोले बदर गरी दिएको छ।

अब पुनः अ.बं. ११८ को देहाय ४ मा उल्लिखित प्रावधानको हेक्का राखी कुन अवस्था र कारणबाट थुनामा राख्ने वा धरौट जेथा वा तारिखमा राख्ने हो प्रष्ट आधार खुलाई यथोचित् आदेश गर्नु होला। भविष्यमा हुने यसप्रकारका अ.बं. ११८ को देहाय ४ अनुरूप पुर्पक्षको लागि धरौट तारिखमा राख्ने आदेशहरूमा समेत मार्गदर्शनको रूपमा उक्त नं. मा उल्लिखित आधार र कारण खुलाई कानूनबमोजिम आदेश गर्नु भनी पुनरावेदन अदालत, पाटनमा लेखी पठाई दिने।

इति संवत् २०६९ साल बैशाख २२ गते रोज ६ शुभम्।